# ऐन, नियमावली र कार्यविधि एवं निर्देशिकाको संगालोबारे

वैयक्तिक स्वतन्त्रताको सर्वोच्चता स्थापित गर्न, सरकारलाई खुला तथा पारदर्शी बनाई जनताप्रति जवाफदेही बनाउन र सुसूचित नागरिक नै सर्वशक्तिमान हुन्छन् भन्ने लोकतन्त्रको मूल मर्मलाई आत्मसात गर्दै २०४६ सालको जनआन्दोलनपश्चात् निर्माण भएको नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १६ मा प्रत्येक नागरिकलाई सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने मौलिक हक प्रदान गरिएको थियो। नेपालको संवैधानिक इतिहासमा यो नै नेपाली जनताले प्राप्त गरेको सूचनाको हकको पहिलो खुट्किलो थियो। नेपाल अधिराज्यको संविधानमा सूचनाको हकलाई मौलिक हकका रूपमा स्थापित गरिए पनि विभिन्न कारणले यस अवधिमा सूचनाको हकसम्बन्धी कानुन निर्माण हुन सकेन। तथापि, संविधानको सोही व्यवस्थाका आधारमा छिटपुट रूपमा न्यायालयमार्फत जनताले सूचनाको हक प्राप्त गर्दै आएका थिए। तर कानुनको अभावमा जनताको सूचनाको हकको कार्यान्वयन हुने अवस्था भने थिएन। यसैबीच पारदर्शिता, सुशासन र जवाफदेही शासन प्रणालीको अभावमा सर्वस्वीकार्य प्रजातन्त्र पनि टिकाउ नहुने रहेछ भन्ने महसुस हुँदै ती तीन कुराका लागि सूचनाको हकको प्रभावकारी कार्यान्वयनमा आवाजहरू मुखरित हुँदै थिए। यही सन्दर्भमा खोसिएको जनताको अधिकारका लागि २०६२/६३ मा अर्को जनआन्दोलन भयो। २०६२/६३ को जनआन्दोलनको भावनाबमोजिम निर्मित नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ भनी थप स्पष्टता र फराकिलोपनसहित सूचनाको हकलाई मौलिक हकमा समावेश गरियो। यही संवैधानिक हकको प्रचलनका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ पारित गरी कार्यान्वयनमा आएको छ। अन्तरिम संविधान २०६३ को त्यही व्यवस्थालाई नै जनताका प्रतिनिधिमार्फत बनेको नेपालको संविधान २०७२ को धारा २७ मै मौलिक हकका रूपमा व्यवस्था गरिएको छ। संविधानप्रदत्त जनताको मौलिक हकको कार्यान्वयन गर्न लागू गरिएको सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ३ को उपदफा (२) ले प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भनी कानुनी प्रत्याभूति प्रदान गरेको छ। साथै सोही ऐनको दफा ११ को उपदफा (१) ले सूचनाको हकको संरक्षण, संवर्द्धन र प्रचलन गर्ने कामका लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहने व्यवस्था गरेको छ।

सूचनाको हकसम्बन्धी ऐनले सार्वजनिक महत्व भन्नाले सार्वजनिक सरोकारको विषय सम्झनुपर्ने परिभाषा गरेको छ। यथार्थमा आम नागरिकको अधिकार र कर्तव्य तथा आम जनताले पाउने सम्मान, सेवा र सुविधा तथा मूल्य र गुणस्तरसँग सरोकार राख्ने सबै विषय सार्वजनिक महत्वका हुन् भनी बुझ्नुपर्छ।

यसैगरी ऐनमा लिखत भन्नाले लिपिबद्ध भएको जुनसुकै किसिमको लिखत सम्झनुपर्छ र सो शब्दले कुनै यन्त्रको माध्यमबाट संकलन वा अद्यावधिक गरिएको वा उधृत वा पुनः प्रस्तुत गर्न सकिने श्रव्य-दृश्य सामग्रीसमेतलाई जनाउने गरी परिभाषा गरिएको छ। यसको अर्थ अभिलेख (Records, Documents, Memos), इमेल, विचार, राय, सल्लाह, प्रेस विज्ञप्ति, परिपत्र (Circulars), आदेश, लगबुक, करार (Contracts), रिपोर्ट, मिसिल (Papers), वस्तुको नमुना (Samples, Models), इलेक्ट्रोनिक र डिजिटल रूपमा राखिएका तथ्यांक (Data) तथा प्रचलित कुनै कानुनअन्तर्गत सार्वजनिक निकायबाट प्राप्त गर्न सकिने कुनै पनि रूपमा रहेको जानकारीका सामग्री भन्ने बुझिन्छ।

सूचनाको हकसम्बन्धी ऐनको दफा ३ को उपदफा (३) मा विभिन्न पाँच प्रकारका सूचना प्रवाह गर्न बाध्य नहुने गरी संरक्षण गर्ने व्यवस्था छ। तिनको सिद्धान्ततर्फ विचार गर्दा पहिलो कुरा, सूचनाको हकले राष्ट्रिय सुरक्षाको हितलाई खल्बल्याउनु हुँदैन भन्ने नै हो। दोस्रो कुरा, सूचनाको हकले अपराधी पत्ता लगाउने काममा बाधा पार्नु हुँदैन। तेस्रो कुरा, सूचनाको हकले कानुनसम्मत व्यावसायिक प्रतिस्पर्धामा हस्तक्षेप गर्नु हुँदैन। चौथो कुरा, सूचनाको हकले जातीय, साम्प्रदायिक झगडा बढाउनु हुँदैन र पाँचौं कुरा, सूचनाको हकले व्यक्तिको गोपनीयताको अधिकारलाई अतिक्रमण गर्नु हुँदैन भन्ने सिद्धान्त अवलम्बन गरिएको छ।

सूचनाको हकसम्बन्धी ऐनमा प्रत्येक सार्वजनिक निकायले तीन/तीन महिनामा आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी प्रकाशन गर्नुपर्ने व्यवस्था गरेको छ। यसरी स्वतः सार्वजनिकीकरण गरिनेबाहेकका थप सूचना कसैलाई आवश्यक परेमा त्यस्ता सूचना प्रवाह गर्न प्रत्येक सार्वजनिक निकायले सूचना अधिकारीको व्यवस्था गर्नुपर्ने कानुनी प्रावधान छ। सूचना अधिकारीहरूले सूचना माग गर्ने नागरिकसँग विनम्रतापूर्वक भेट्नुपर्छ। सूचना माग्ने काममा मागकर्तालाई सघाउनुपर्छ। सूचना यहाँ पाइन्छ भनेर सूचना मागकर्तालाई बताइदिनुपर्छ। सूचना मागकर्ताको अनुरोधलाई छिटो र विवेकपूर्ण ढंगले पूरा गर्नुपर्छ। सूचना मागकर्तालाई सूचनाको अधिकारको जानकारी गराउनुका साथै आफ्नो निकायमा कुन स्वरूपमा सूचना रहेको छ सो भन्ने जानकारी पर्छ। यसका अतिरिक्त सूचना अधिकारीले मागकर्तालाई बढीमा १५ दिनभित्र माग गरेको सूचना उपलब्ध गराउनुपर्छ। यदि सूचना अधिकारीले सूचना दिन इन्कार गरेमा त्यसको सात दिनभित्र सो निकायका प्रमुखसमक्ष उजुरी गर्नुपर्छ। यस्तो उजुरी परेकोमा तत् निकायका प्रमुखले सात दिनभित्र सूचना उपलब्ध गराउनुपर्दछ। प्रमुखले पनि सूचना उपलब्ध गराउन इन्कार गरेमा ३५ दिनभित्र राष्ट्रिय सूचना आयोगमा पुनरावेदन दिनुपर्छ। सामान्यतः आयोगमा पर्ने निवेदन र उजुरीउपर ४५ दिनभित्र र पुनरावेदमाथि आयोगले ६० दिनभित्र आफ्नो निर्णय दिने कानुनी व्यवस्था छ।

नेपाली नागरिकले मौखिक, टेलिफोन, इमेललगायत जुनसुकै माध्यमबाट सूचना माग गरे पनि सूचना उपलब्ध गराउनु सूचना अधिकारीको कर्तव्य हो। यसरी सूचना मागको निवेदन निःशुल्क दिन पाइन्छ। निवेदन परेपछि सूचना अधिकारीले सो निवेदन दर्ता गरी त्यसको निस्सा सूचना मागकर्तालाई दिनुपर्छ। सामान्य आकारको कागजमा रहेको दस पेजसम्मको सूचना मागकर्ताले निःशुल्क पाउँछ। सोभन्दा बढी पृष्ठको हकमा सामान्य आकारको भए प्रति पृष्ठ रु. पाँच र अलि ठूलो आकारको भए रु. दस दस्तुर तिर्नुपर्छ। सिडी वा डिस्केटबाट सूचना हासिल गर्दा प्रति सिडी वा डिस्केटवापत रु. पचास दस्तुर बुझाउनुपर्छ। कुनै सूचनाको अध्ययन वा अवलोकन गर्ने भए पहिलो आधा घन्टा निःशुल्क र त्यसपछि प्रति घन्टा प्रतिव्यक्तिको दस्तुर रु. पचास लाग्नेछ। सामान्यतः लागतका आधारमा दस्तुर लिई माग गरेको सूचना उपलब्ध गराउनु सूचना अधिकारीको कर्तव्य हुनेछ।

यसरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ का प्रावधानहरूको गहन अध्ययन गरी प्रत्येक सार्वजनिक निकायले आम नागरिकको सूचना पाउने मौलिक हकको सम्मान गर्दै सूचना प्रवाह गर्नुपर्छ। यस कामको अनुगमन र समन्वय गर्न नेपाल सरकारले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको संयोजकत्वमा केन्द्रीय समन्वय एकाइ र सूचना तथा सञ्चार मन्त्रालयका सचिवको संयोजकत्वमा कार्यान्वयन अनुगमन एकाइ गठन गरेको छ। लोकतन्त्रको आधारस्तम्भ मानिएको सूशासन, पारदर्शिता र जवाफदेही शासन प्रणालीको महत्वपूर्ण औजार सूचनाको हकको प्रत्याभूतिका निम्ति जनतालाई सूचना माग गर्ने आफ्नो अधिकारबारे बोध होस्, सार्वजनिक निकायका अधिकारीहरूलाई संविधान र कानुनबमोजिम जनताप्रतिको आफ्नो कर्तव्य बुझ्न सजिलो होस्, माथि उल्लिखित सबै संयन्त्र र पदाधिकारीहरूलाई काम गर्न सुगमता पुगोस्, काममा एकरूपता कायम होस्, कामको गुणस्तरीयता कायम होस् र आम नागरिकले सूचनाको हक प्रचलन गर्न पाउन भन्ने ध्येयले प्रस्तुत सूचनाको हकसम्बन्धी ऐन, नियमावली, कार्यविधि र निर्देशिकाको सँगालो प्रकाशित गरिएको छ। साथै यस संग्रहमा नेपालको संविधानको भाग ३ को मौलिक हक खण्ड पनि समावेश गरिएको छ। यो सँगालो प्रकाशनबाट आम जनताको सूचनाको हक प्रत्याभूत गर्ने काममा सघाउ पुग्ने विश्वास राष्ट्रिय सूचना आयोगले लिएको छ।

भविष्यमा यस सँगालोमा थप कार्यविधि र सामग्रीहरू समावेश गरी प्रकाशन गरिनेछ। अन्त्यमा, मुलुकको संविधान र कानुनमा व्यवस्था भएअनुसारका नागरिकका सूचनाको हकसम्बन्धी मौलिक हकको संरक्षण, संवर्द्धन र प्रचलन गर्न सबै सार्वजनिक निकायका प्रमुख, सूचना अधिकारी, पदाधिकारी एवं कर्मचारीबाट आआफ्नो कानुनी कर्तव्य पालना हुने विश्वास लिएका छौं। साथै आयोगको काममा सबैबाट सदा झैं सहयोगको अपेक्षा पनि गरिएको छ।

| | | |
|---|---|---|
| **यशोदादेवी तिम्सिना** | **किरणकुमार पोखरेल** | **कृष्णहरि बाँस्कोटा** |
| **सूचना आयुक्त** | **सूचना आयुक्त** | **प्रमुख सूचना आयुक्त** |

# विषय सूची


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| १. | नेपालको संविधानको मौलिक हक र कर्तव्य | १ |
| २. | सूचनाको हकसम्बन्धी ऐन, २०६४ | १५ |
| ३. | सूचनाको हकसम्बन्धी नियमावली, २०६५ | ३२ |
| ४. | राष्ट्रिय सूचना आयोगको पुनरावेदनको कारबाही र किनारा गर्ने कार्यविधि, २०७२ | ४७ |
| ५. | सरकारी निकायले स्वतः प्रकाशन (Pro-active Disclosure) गर्नुपर्ने विवरणसम्बन्धी निर्देशिका, २०७१ | ५२ |


# नेपालको संविधान

## भाग – ३

## मौलिक हक र कर्तव्य

१६. **सम्मानपूर्वक बाँच्न पाउने हक** : (१) प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ ।

(२) कसैलाई पनि मृत्युदण्डको सजाय दिने गरी कानुन बनाइने छैन

१७. **स्वतन्त्रताको हक** : (१) कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन ।

(२) प्रत्येक नागरिकलाई देहायको स्वतन्त्रता हुनेछ :-

(क) विचार र अभिव्यक्तिको स्वतन्त्रता,

(ख) विनाहातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता,

(ग) राजनीतिक दल खोल्ने स्वतन्त्रता,

(घ) संघ र संस्था खोल्ने स्वतन्त्रता,

(ङ) नेपालको कुनै पनि भागमा आवतजावत र बसोवास गर्ने स्वतन्त्रता,

(च) नेपालको कुनै पनि भागमा पेसा, रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता ।

तर,

(१) खण्ड (क) को कुनै कुराले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा वा संघीय एकाइ वा विभिन्न जात, जाति, धर्म, सम्प्रदायबीचको सुसम्बन्धमा खलल पर्ने, जातीय भेदभाव वा छुवाछूतलाई दुरुत्साहन गर्ने, श्रमप्रति अवहेलना गर्ने, गाली, बेइज्जती, अदालतको अवहेलना हुने, अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिव प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

(२) खण्ड (ख) को कुनै कुराले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनता, संघीय एकाइबीचको सुसम्बन्ध वा सार्वजनिक शान्ति र व्यवस्थामा खलल पर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउ ने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

(३) खण्ड (ग) को कुनै कुराले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा खलल पर्ने, राष्ट्रको विरुद्ध जासुसी गर्ने, राष्ट्रिय गोपनीयता भंग गर्ने वा नेपालको सुरक्षामा आँच पुऱ्याउने गरी कुनै विदेशी राज्य, संगठन वा प्रतिनिधिलाई सहयोग गर्ने वा राज्यद्रोह गर्ने वा संघीय एकाइबीचको सुसम्बन्धमा खलल पर्ने वा जातीय वा साम्प्रदायिक विद्वेष फैलाउने वा विभिन्न जात, जाति, धर्म र सम्प्रदायबीचको सुसम्बन्धमा खलल पर्ने वा केवल जाति, भाषा, धर्म, सम्प्रदाय वा लिंगका आधारमा कुनै राजनीतिक दलको सदस्यता प्राप्त गर्ने वा बन्देज लगाउने वा नागरिकहरूबीच विभेद गर्ने गरी राजनीतिक दल गठन गर्ने, हिंसात्मक कार्य गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

(४) खण्ड (घ) को कुनै कुराले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा खलल पर्ने, राष्ट्रको विरुद्ध जासुसी गर्ने, राष्ट्रिय गोपनीयता भंग गर्ने वा नेपालको सुरक्षामा आँच पुऱ्याउने गरी कुनै विदेशी राज्य, संगठन वा प्रतिनिधिलाई सहयोग गर्ने, राज्यद्रोह गर्ने वा संघीय एकाइबीचको सुसम्बन्धमा खलल पर्ने वा जातीय वा साम्प्रदायिक विद्वेष फैलाउने वा विभिन्न जात, जाति, धर्म र सम्प्रदायबीचको सुसम्बन्धमा खलल पर्ने वा हिंसात्मक कार्य गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।



(५) खण्ड (ङ) को कुनै कुराले सर्वसाधारण जनताको हित वा संघीय एकाइबीचको सुसम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायहरू बीचको सुसम्बन्धमा खलल पर्ने वा हिंसात्मक कार्य गर्ने वा त्यस्तो कार्य गर्न दुरुत्साहन गर्ने कार्यमा मनासिव प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

(६) खण्ड (च) को कुनै कुराले संघीय एकाइबीचको सुसम्बन्धमा खलल पुऱ्याउने कार्य वा सर्वसाधारण जनताको सार्वजनिक स्वास्थ्य, शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा रोक लगाउने वा कुनै खास उद्योग, व्यापार वा सेवा राज्यले मात्र सञ्चालन गर्न पाउने वा कुनै पेसा, रोजगार, उद्योग, व्यापार वा व्यवसाय गर्नका लागि कुनै सर्त वा योग्यता तोक्ने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

१८. **समानताको हक** : (१) सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन ।

(२) सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।

(३) राज्यले नागरिकहरूबीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन । तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, असक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्यलगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनबमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।

**स्पष्टीकरण :** यस भाग र भाग ४ को प्रयोजनका लागि "आर्थिक रूपले विपन्न" भन्नाले संघीय कानुनमा तोकिएको आयभन्दा कम आय भएको व्यक्ति सम्झनुपर्छ।

(४) समान कामका लागि लैंगिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन।

(५) पैत्रिक सम्पत्तिमा लैंगिक भेदभावविना सबै सन्तानको समान हक हुनेछ।

१९. **सञ्चारको हक :** (१) विद्युतीय प्रकाशन, प्रसारण तथा छापालगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन। तर नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय एकाइबीचको सुसम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली, बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवं लैंगिक भेदभावलाई दुरुत्साहन गर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन।

(२) कुनै श्रव्य, श्रव्यदृश्य वा विद्युतीय उपकरणको माध्यम वा छापाखानाबाट कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन, प्रसारण गरेवा छापेबापत त्यस्ता सामग्री प्रकाशन, प्रसारण गर्ने वा छाप्ने रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापा वा अन्य सञ्चारमाध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत गरिने छैन। तर यस उपधारामा लेखिएको कुनै कुराले रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापाखाना वा अन्य सञ्चारमाध्यमको नियमन गर्न ऐन बनाउन बन्देज लगाएको मानिने छैन।

(३) कानुनबमोजिम बाहेक कुनै छापा, विद्युतीय प्रसारण तथा टेलिफोनलगायतका सञ्चार साधनलाई अवरुद्ध गरिने छैन।



२०. **न्यायसम्बन्धी हक :** (१) कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारणसहितको सूचना नदिई थुनामा राखिने छैन।

(२) पक्राउमा परेका व्यक्तिलाई पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानुन व्यवसायीसँग सल्लाह लिन पाउने तथा कानुन व्यवसायीद्वारा पुर्पक्ष गर्ने हक हुनेछ। त्यस्तो व्यक्तिले आफ्नो कानुन व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहनेछ। तर शत्रु देशको नागरिकका हकमा यो उपधारा लागू हुने छैन।

**स्पष्टीकरण :** यस उपधाराको प्रयोजनका लागि "कानुन व्यवसायी" भन्नाले कुनै अड्डा अदालतमा कुनै व्यक्तिको प्रतिनिधित्व गर्न कानुनले अधिकार दिएको व्यक्ति सम्झनुपर्छ।

(३) पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटोको म्यादबाहेक चौबीस घन्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएको व्यक्तिलाई थुनामा राखिने छैन। तर निवारक नजरबन्दमा राखिएका व्यक्ति र शत्रु देशको नागरिकका हकमा यो उपधारा लागू हुने छैन।

(४) तत्काल प्रचलित कानुनले सजाय नहुने कुनै काम गरेबापत कुनै व्यक्ति सजायभागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा कानुनमा तोकिएभन्दा बढी सजाय दिइने छैन।

(५) कुनै अभियोग लागेको व्यक्तिलाई निजले गरेको कसुर प्रमाणित नभएसम्म कसुरदार मानिने छैन।

(६) कुनै पनि व्यक्तिविरुद्ध अदालतमा एकै कसुरमा एकपटकभन्दा बढी मुद्दा चलाइने र सजाय दिइने छैन।

(७) कुनै कसुरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन बाध्य पारिने छैन।

(८) प्रत्येक व्यक्तिलाई निजविरुद्ध गरिएको कारबाहीको जानकारी पाउने हक हुनेछ।

(९) प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ।

(१०) असमर्थ पक्षलाई कानुनबमोजिम निःशुल्क कानुनी सहायता पाउने हक हुनेछ ।

२१. **अपराध पीडितको हक** : (१) अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाहीसम्बन्धी जानकारी पाउने हक हुनेछ ।

(२) अपराध पीडितलाई कानुनबमोजिम सामाजिक पुनर्स्थापना र क्षतिपूर्तिसहितको न्याय पाउने हक हुनेछ ।

२२. **यातनाविरुद्धको हक** : (१) पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन ।

(२) उपधारा (१) बमोजिमको कार्य कानुनबमोजिम दण्डनीय हुनेछ र त्यस्तो व्यवहारबाट पीडित व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

२३. **निवारक नजरबन्दविरुद्धको हक** : (१) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिने छैन ।

(२) उपधारा (१) बमोजिम निवारक नजरबन्दमा रहेको व्यक्तिको स्थितिका बारेमा निजको परिवारका सदस्य वा नजिकको नातेदारलाई कानुनबमोजिम तत्काल जानकारी दिनुपर्नेछ । तर शत्रु देशको नागरिकका हकमा यो उपधारा लागू हुने छैन ।

(३) निवारक नजरबन्दमा राख्ने अधिकारीले कानुनविपरीत वा बदनियतपूर्वक कुनै व्यक्तिलाई नजरबन्दमा राखेमा त्यस्तो व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

२४. **छुवाछूत तथा भेदभावविरुद्धको हक** : (१) कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेसा, व्यवसाय वा शारीरिक अवस्थाका आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गरिने छैन ।

(२) कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्ता वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिका व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाइने वा त्यस्ता वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान गरिने छैन ।



(३) उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाका आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात, जाति वा छुवाछूतका आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचारप्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन ।

(४) जातीय आधारमा छुवाछूत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन ।

(५) यस धाराको प्रतिकूल हुने गरी भएका सबै प्रकारका छुवाछूत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानुनबमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

२५. **सम्पत्तिको हक** : (१) प्रत्येक नागरिकलाई कानुनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ । तर राज्यले व्यक्तिको सम्पत्तिमा कर लगाउन र प्रगतिशील करको मान्यताअनुरूप व्यक्तिको आयमा कर लगाउन सक्नेछ ।

**स्पष्टीकरण** : यस धाराको प्रयोजनका लागि "सम्पत्ति" भन्नाले चलअचललगायत सबै प्रकारको सम्पत्ति सम्झनुपर्छ र सो शब्दले बौद्धिक सम्पत्तिसमेतलाई जनाउँछ ।

(२) सार्वजनिक हितका लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्तिउपर अरू कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन । तर कुनै पनि व्यक्तिले गैरकानुनी रूपले आर्जन गरेको सम्पत्तिको हकमा यो उपधारा लागू हुने छैन ।

(३) उपधारा (२) बमोजिम सार्वजनिक हितका लागि राज्यले कुनै पनि व्यक्तिको सम्पत्ति अधिग्रहण गर्दा क्षतिपूर्तिको आधार र कार्य प्रणाली ऐनबमोजिम हुनेछ ।

(४) उपधारा (२) र (३) को व्यवस्थाले भूमिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न, कृषिको आधुनिकीकरण र व्यवसायीकरण, वातावरण

संरक्षण, व्यवस्थित आवास तथा सहरी विकास गर्ने प्रयोजनका लागि राज्यले कानुनबमोजिम भूमि सुधार, व्यवस्थापन र नियमन गर्न बाधा पर्ने छैन ।

(५) उपधारा (३) बमोजिम राज्यले सार्वजनिक हितका लागि कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गरेकोमा त्यस्तो सार्वजनिक हितको सट्टा अर्को कुनै सार्वजनिक हितका लागि त्यस्तो सम्पत्ति प्रयोग गर्न बाधा पर्ने छैन ।

२६. **धार्मिक स्वतन्त्रताको हक :** (१) धर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिलाई आफ्नो आस्थाअनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुनेछ ।

(२) प्रत्येक धार्मिक सम्प्रदायलाई धार्मिक स्थल तथा धार्मिक गुठी सञ्चालन र संरक्षण गर्ने हक हुनेछ । तर धार्मिकस्थल तथा धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्न तथा गुठी सम्पत्ति तथा जग्गाको व्यवस्थापनका लागि कानुन बनाई नियमित गर्न बाधा पुगेको मानिने छैन ।

(३) यस धाराद्वारा प्रदत्त हकको प्रयोग गर्दा कसैले पनि सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा सार्वजनिक शान्ति भंग गर्ने क्रियाकलाप गर्न, गराउन वा कसैको धर्म परिवर्तन गराउने वा अर्काको धर्ममा खलल पर्ने काम वा व्यवहार गर्नु वा गराउनु हुँदैन र त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुनेछ ।

२७. **सूचनाको हक :** प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ । तर कानुनबमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन ।

२८. **गोपनीयताको हक :** कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार र चरित्रसम्बन्धी विषयको गोपनीयता कानुनबमोजिम बाहेक अनतिक्रम्य हुनेछ ।

२९. **शोषणविरुद्धको हक :** (१) प्रत्येक व्यक्तिलाई शोषणविरुद्धको हक हुनेछ ।

(२) धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन ।



(३) कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन ।

(४) कसैलाई पनि निजको इच्छाविरुद्ध काममा लगाउन पाइने छैन । तर सार्वजनिक प्रयोजनका लागि नागरिकलाई राज्यले अनिवार्य सेवामा लगाउन सक्ने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन ।

(५) उपधारा (३) र (४) विपरीतको कार्य कानुनबमोजिम दण्डनीय हुनेछ र पीडितलाई पीडकबाट कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

३०. **स्वच्छ वातावरणको हक :** (१) प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ ।

(२) वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

(३) राष्ट्रको विकाससम्बन्धी कार्यमा वातावरण र विकासबीच समुचित सन्तुलनका लागि आवश्यक कानुनी व्यवस्था गर्न यस धाराले बाधा पुर्‍याएको मानिने छैन ।

३१. **शिक्षासम्बन्धी हक :** (१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।

(२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।

(३) अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।

(४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।

(५) नेपालमा बसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

३२. **भाषा तथा संस्कृतिको हक :** (१) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुनेछ ।

(२) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुनेछ ।

(३) नेपालमा बसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्द्धन र संरक्षण गर्ने हक हुनेछ ।

३३. **रोजगारीको हक** : (१) प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ । रोजगारीको सर्त, अवस्था र बेरोजगार सहायता संघीय कानुनबमोजिम हुनेछ ।

(२) प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक हुनेछ ।

३४. **श्रमको हक** : (१) प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुनेछ ।

**स्पष्टीकरण** : यस धाराको प्रयोजनका लागि "श्रमिक" भन्नाले पारिश्रमिक लिई रोजगारदाताका लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार वा मजदुर सम्झनुपर्छ । (२) प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ । (३) प्रत्येक श्रमिकलाई कानुनबमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौ दाबाजी गर्न पाउने हक हुनेछ ।

३५. **स्वास्थ्यसम्बन्धी हक** : (१) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन । (२) प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचार सम्बन्धमा जानकारी पाउने हक हुनेछ । (३) प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ । (४) प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ ।

३६. **खाद्यसम्बन्धी हक** : (१) प्रत्येक नागरिकलाई खाद्यसम्बन्धी हक हुनेछ । (२) प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ । (३) प्रत्येक नागरिकलाई कानुनबमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ ।

३७. **आवासको हक** : (१) प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ । ( २) कानुनबमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको वासस्थानबाट हटाइने वा अतिक्रमण गरिने छैन ।



३८. **महिलाको हक** : (१) प्रत्येक महिलालाई लैंगिक भेदभावविना समान वंशीय हक हुनेछ ।

(२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक हुनेछ ।

(३) महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

(४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक हुनेछ ।

(५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।

(६) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ ।

३९. **बालबालिकाको हक** : (१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामकरण र जन्मदर्ताको हक हुनेछ ।

(२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासको हक हुनेछ ।

(३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।

(४) कुनै पनि बालबालिकालाई कलकार खाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।

(५) कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।

(६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।

(७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।

(८) प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।

(९) असहाय, अनाथ, अपांगता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।

(१०) उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानुनबमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

४०. **दलितको हक** : (१) राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक हुनेछ । सार्वजनिक सेवालगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानुनबमोजिम विशेष व्यवस्था गरिनेछ ।

(२) दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानुनबमोजिम छात्रवृत्तिसहित नि:शुल्क शिक्षाको व्यवस्था गरिनेछ । प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानुनबमोजिम विशेष व्यवस्था गरिनेछ ।

(३) दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानुनबमोजिम विशेष व्यवस्था गरिनेछ ।

(४) दलित समुदायलाई आफ्नो परम्परागत पेसा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुनेछ । राज्यले दलित समुदायका परम्परागत पेसासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउनेछ ।

(५) राज्यले भूमिहीन दलितलाई कानुनबमोजिम एकपटक जमिन उपलब्ध गराउनुपर्नेछ ।

(६) राज्यले आवासविहीन दलितलाई कानुनबमोजिम बसोबासको व्यवस्था गर्नेछ ।



(७) दलित समुदायलाई यस धाराद्वारा प्रदत्त सुविधा दलित महिला, पुरुष र सबै समुदायमा रहेका दलितले समानुपातिक रूपमा प्राप्त गर्ने गरी न्यायोचित वितरण गर्नुपर्नेछ ।

४१. **ज्येष्ठ नागरिकको हक** : ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ ।

४२. **सामाजिक न्यायको हक** : (१) सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेसी, थारू, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, सीमान्तीकृत, मुस्लिम, पिछडा वर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ ।

(२) आर्थिकरूपले विपन्न तथा लोपोन्मुंख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ ।

(३) अपांगता भएका नागरिकलाई विविधताको पहिचानसहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुनेछ ।

(४) प्रत्येक किसानलाई कानुनबमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउविजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक हुनेछ ।

(५) नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनका लागि भएका सबै जनआन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने सहिदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित र विस्थापित, अपांगता भएका व्यक्ति, घाइत तथा पीडितलाई न्याय एवं उचित सम्मानसहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानुनबमोजिम प्राथमिकताका साथ अवसर पाउने हक हुनेछ ।

४३. **सामाजिक सुरक्षाको हक** : आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपांगता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानुनबमोजिम सामाजिक सुरक्षाको हक हुनेछ।

४४. **उपभोक्ताको हक** : (१) प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुनेछ।

(२) गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

४५. **देश निकालाविरुद्धको हक** : कुनै पनि नागरिकलाई देश निकाला गरिने छैन।

४६. **संवैधानिक उपचारको हक** : यस भागद्वारा प्रदत्त हकको प्रचलनका लागि धारा १३३ वा १४४ मा लेखिएबमोजिम संवैधानिक उपचार पाउने हक हुनेछ।

४७. **मौलिक हकको कार्यान्वयन** : यस भागद्वारा प्रदत्त हकहरूको कार्यान्वयनका लागि आवश्यकताअनुसार राज्यले यो संविधान प्रारम्भ भएको तीन वर्षभित्र कानुनी व्यवस्था गर्नेछ।

४८. **नागरिकका कर्तव्य** : प्रत्येक नागरिकका कर्तव्य देहायबमोजिम हुनेछन्:-

(क) राष्ट्रप्रति निष्ठावान् हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु

(ख) संविधान र कानुनको पालना गर्नु,

(ग) राज्यले चाहेको बखत अनिवार्य सेवा गर्नु,

(घ) सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु।



**नेपाल सरकारद्वारा नेपाल राजपत्रमा भाग-२, खण्ड ५१, अतिरिक्ताङ्क २०, मिति २०६४ साल साउन ५ गते प्रकाशित**

## सूचनाको हकसम्बन्धी ऐन, २०६४

### प्रस्तावना

राज्यका काम-कारबाही लोकतान्त्रिक पद्धतिअनुरूप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वका सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले, व्यवस्थापिका-संसद्ले यो ऐन बनाएको छ।

### परिच्छेद - १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस ऐनको नाम "सूचनाको हकसम्बन्धी ऐन, २०६४" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिबाट तीसौं दिनमा प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "सार्वजनिक निकाय" भन्नाले देहायबमोजिमका निकाय वा संस्था सम्झनुपर्छ :-

(१) संविधानअन्तर्गतका निकाय,

(२) ऐनद्वारा स्थापित निकाय,

(३) नेपाल सरकारद्वारा गठित निकाय,

(४) कानुनद्वारा स्थापित सार्वजनिक सेवा प्रदायक संगठित संस्था वा प्रतिष्ठान,

(५) प्रचलित कानुनबमोजिम दर्ता भएका राजनीतिक दल तथा संगठन,

(६) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको वा अनुदानमा सञ्चालित वा नेपाल सरकारको अनुदान प्राप्त संगठित संस्था,

(७) नेपाल सरकार वा कानुनद्वारा स्थापित निकायले कुनै सम्झौता गरी गठन गरेको संगठित संस्था,

(८) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नेपाल सरकार वा विदेशी राष्ट्र वा अन्तर्राष्ट्रिय संघ/संस्थाबाट रकम प्राप्त गरे र सञ्चालन भएका गैरसरकारी संघ/संस्थाहरू,

(९) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक निकाय भनी तोकेका अन्य निकाय वा संस्था।

(ख) "सूचना" भन्नाले सार्वजनिक निकायबाट सम्पादन हुने वा भएको सार्वजनिक महत्वका काम, तत्सम्बन्धी कारबाही वा निर्णयसँग सम्बन्धित कुनै लिखत, सामग्री वा जानकारी सम्झनुपर्छ।

(ग) "सार्वजनिक महत्व" भन्नाले सार्वजनिक सरोकारको विषय सम्झनुपर्छ।

(घ) "लिखत" भन्नाले लिपिबद्ध भएको जुनसुकै किसिमको लिखत सम्झनुपर्छ र सो शब्दले कुनै यन्त्रको माध्यमबाट संकलन वा अद्यावधिक गरिएको वा मुद्रित वा पुनः प्रस्तुत गर्न सकिने श्रव्यदृश्य सामग्रीसमेत जनाउँछ।

(ङ) "सूचनाको हक" भन्नाले सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना माग्ने र पाउने अधिकार सम्झनुपर्छ र सो शब्दले सार्वजनिक निकायमा रहेको कुनै लिखत, सामग्री वा सो निकायको काम-कारबाहीको अध्ययन वा अवलोकन गर्ने, त्यस्तो लिखतको प्रमाणित प्रतिलिपि प्राप्त गर्ने, सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण र अवलोकन गर्ने, कुनै सामग्रीको प्रमाणित नमुना लिने वा कुनै पनि किसिमको यन्त्रमा राखिएको सूचना त्यस्तो यन्त्रमार्फत् प्राप्त गर्ने अधिकारसमेतलाई जनाउँछ।

(च) "सूचना अधिकारी" भन्नाले दफा ६ बमोजिम तोकिएको व्यक्ति सम्झनुपर्छ।

(छ) "प्रमुख" भन्नाले सार्वजनिक निकायको प्रमुख सम्झनुपर्छ।

(ज) "आयोग" भन्नाले दफा ११ बमोजिमको राष्ट्रिय सूचना आयोग सम्झनुपर्छ।

(झ) "प्रमुख सूचना आयुक्त" भन्नाले दफा ११ बमोजिम नियुक्त व्यक्ति सम्झनुपर्छ।



(ञ) "सूचना आयुक्त" भन्नाले दफा ११ बमोजिम नियुक्त व्यक्ति सम्झनुपर्छ।

(ट) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ।

## परिच्छेद- २

## सूचनाको हक र सूचना प्रवाहसम्बन्धी व्यवस्था

३. **सूचनाको हक हुने :**

(१) प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सूचनाको हक हुनेछ।

(२) प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक निकायमा रहेको देहायको विषयसम्बन्धी सूचना प्रवाह गरिने छैन :-

(क) नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने,

(ख) अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने,

(ग) आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैंकिङ वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने,

(घ) विभिन्न जातजाति वा सम्प्रदायबीचको सुसम्बन्धमा प्रत्यक्ष रूपमा खलल पार्ने,

(ङ) व्यक्तिगत गोपनीयता र व्यक्तिको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ्य वा सुरक्षामा खतरा पुर्‍याउने। तर त्यसरी सूचना प्रवाह नगर्नुपर्ने उचित र पर्याप्त कारण भएकोमा बाहेक त्यस्तो सूचना प्रवाह गर्ने दायित्वबाट सार्वजनिक निकाय पन्छिन पाउने छैन।

(४) सार्वजनिक निकायको अभिलेखमा यस ऐनबमोजिम प्रवाह गर्न मिल्ने र नमिल्ने सूचना भए सूचना अधिकारीले प्रवाह गर्न मिल्ने सूचना छुट्टयाएर निवेदकलाई उपलब्ध गराउनुपर्नेछ ।

४. **सार्वजनिक निकायको दायित्व :**

(१) प्रत्येक सार्वजनिक निकायले नागरिकको सूचनाको हकको सम्मान र सरंक्षण गर्नु गराउनुपर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि देहायका काम गर्नु सार्वजनिक निकायको दायित्व हुनेछ :-

(क) सूचना वर्गीकरण र अद्यावधिक गरी समयसमयमा सार्वजनिक, प्रकाशन तथा प्रसारण गर्ने गराउने,

(ख) सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउने,

(ग) आफ्नो कामकारबाही खुला र पारदर्शी रूपमा गर्ने,

(घ) आफ्ना कर्मचारीका लागि उपयुक्त तालिम र प्रशिक्षणको व्यवस्था गर्ने ।

(३) सार्वजनिक निकायले उपदफा (२) को खण्ड (क) बमोजिम सूचना सार्वजनिक, प्रकाशन वा प्रसारण गर्दा विभिन्न राष्ट्रिय भाषा तथा आमसञ्चारका माध्यमबाट गर्न सक्नेछ ।

५. **सूचनाको अद्यावधिक र प्रकाशन :**

(१) सार्वजनिक निकायले आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरिराख्नुपर्नेछ ।

(२) सार्वजनिक निकायले सम्भव भएसम्म यो ऐन लागू हुनुभन्दा कम्तीमा बीस वर्षअधिसम्मका आफ्नो निकायसँग सम्बन्धित सूचना उपदफा (१) बमोजिम अद्यावधिक गर्नु-गराउनु पर्नेछ ।

(३) सार्वजनिक निकायले सो निकायसँग सम्बन्धित देहायका सूचना सूचीकृत गरी प्रकाशन गर्नुपर्नेछ :-

(क) निकायको स्वरूप र प्रकृति,

(ख) निकायको काम, कर्तव्य र अधिकार,

(ग) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण,

(घ) निकायबाट प्रदान गरिने सेवा,



(ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी,

(च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि,

(छ) निर्णय गर्ने प्रक्रिया र अधिकारी,

(ज) निर्णयउपर उजुरी सुन्ने अधिकारी,

(झ) सम्पादन गरेको कामको विवरण,

(ञ) सूचना अधिकारी र प्रमुखको नाम र पद,

(ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची,

(ठ) आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण,

(ड) तोकिएबमोजिमका अन्य विवरण ।

(४) सार्वजनिक निकायले उपदफा (३) बमोजिमको सूचना यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र र त्यसपछि प्रत्येक तीन महिनामा अद्यावधिक गरी प्रकाशन गर्नुपर्नेछ ।

६. **सूचना अधिकारीको व्यवस्था :**

(१) सार्वजनिक निकायले आफ्नो कार्यालयमा रहेको सूचना प्रवाह गर्ने प्रयोजनका लागि सूचना अधिकारीको व्यवस्था गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रवाह गर्ने प्रयोजनका लागि प्रमुखले आफ्नो कार्यालयमा रहेको सूचना नियमित रूपमा सूचना अधिकारीलाई उपलब्ध गराउनुपर्नेछ ।

(३) सार्वजनिक निकायले सूचना प्रवाह गर्ने प्रयोजनको निम्ति आवश्यकतानुसार सूचना शाखाको व्यवस्था गर्न सक्नेछ ।

७. **सूचना प्राप्त गर्ने कार्यविधि :**

(१) यस ऐनबमोजिम कुनै सूचना प्राप्त गर्न चाहने नेपाली नागरिकले त्यस्तो सूचना प्राप्त गर्नुपर्ने कारण खुलाई सम्बन्धित सूचना अधिकारीसमक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा सूचना अधिकारीले तत्काल उपलब्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलब्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई सूचना उपलब्ध गराउनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम तत्काल सूचना उपलब्ध गराउन नसकिने भएमा सूचना अधिकारीले सोको कारणसहितको जानकारी तुरुन्त निवेदकलाई गराउनुपर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सूचना अधिकारीले कुनै व्यक्तिको जीउज्यानको सुरक्षासँग सम्बन्धित सूचना माग गरेको रहेछ भने त्यस्तो सूचना माग गरेको चौबीस घन्टाभित्र निवेदकलाई उपलब्ध गराउनुपर्नेछ ।

(५) सूचना अधिकारीले निवेदकद्वारा माग भएको सूचना सम्भव भएसम्म माग भएको स्वरूपमा नै उपलब्ध गराउनुपर्नेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवेदकले माग गरेको स्वरूपमा सूचना उपलब्ध गराउँदा सूचनाको स्रोत बिग्रने, भत्किने वा नष्ट हुने सम्भावना भएमा सूचना अधिकारीले सोको कारण खोली उपयुक्त स्वरूपमा निवेदकलाई सूचना उपलब्ध गराउन सक्नेछ ।

(७) कुनै व्यक्तिले उपदफा (१) बमोजिम कुनै लिखत, सामग्री वा काम-कारबाहीको अध्ययन वा अवलोकन गर्नका लागि निवेदन दिएको भए सूचना अधिकारीले निवेदकलाई त्यस्तो लिखत, सामग्री वा काम-कारबाहीको अध्ययन वा अवलोकनको निमित्त मुनासिव समय उपलब्ध गराउनेछ ।

(८) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा निवेदकले माग गरेको सूचना आफ्नो निकायसँग सम्बन्धित नदेखिएमा सूचना अधिकारीले सो कुराको जानकारी तुरुन्त निवेदकलाई दिनुपर्नेछ ।

८. **सूचनावापत लाग्ने दस्तुर :**

(१) दफा ७ बमोजिम सूचना माग गर्दा निवेदकले तोकिएबमोजिमको दस्तुर सम्बन्धित निकायमा बुझाउनुपर्नेछ । तर कुनै सूचनाका सन्दर्भमा छुट्टै दस्तुरको व्यवस्था रहेकोमा सोहीबमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम दस्तुर तोक्दा सूचना उपलब्ध गराउँदा लाग्ने वास्तविक लागतका आधारमा तोकिनेछ ।

(३) उपदफा (२) बमोजिम तोकिएको दस्तुर लागतभन्दा बढी भएको लागेमा सम्बन्धित व्यक्तिले आयोगसमक्ष उजुरी दिन सक्नेछ ।



(४) उपदफा (३) बमोजिम परेको उजुरी जाँचबुझ गर्दा उपदफा (२) विपरीत दस्तुर तोकेको देखिएमा आयोगले त्यस्तो दस्तुर पुनरावलोकन गर्न आदेश दिन सक्नेछ ।

९. **उजुरी दिन सक्ने :**

(१) सूचना अधिकारीले सूचना उपलब्ध नगराएमा, सूचना दिन अस्वीकार गरेमा, आंशिक रूपमा सूचना उपलब्ध गराएमा वा गलत सूचना दिएमा वा सरोकार वाला होइन भनी सूचना नदिएमा सम्बन्धित व्यक्तिले त्यसरी सूचना नपाएको वा आंशिक रूपमा सूचना पाएको मितिले सात दिनभित्र प्रमुखसमक्ष उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त उजुरी जाँचबुझ गर्दा सूचना नदिएको वा आंशिक रूपमा सूचना दिएको वा गलत सूचना दिएको देखिएमा प्रमुखले निवेदकद्वारा माग भएबमोजिमको सूचना उपलब्ध गराउन सूचना अधिकारीलाई आदेश दिनेछ र त्यसरी आदेश भएमा सूचना अधिकारीले सम्बन्धित निवेदकलाई सूचना उपलब्ध गराउनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा सूचना अधिकारीले जानीजानी वा बदनियतपूर्वक सूचना नदिएको, सूचना दिन अस्वीकार गरेको वा आंशिक रूपमा सूचना दिएको वा गलत सूचना दिएको देखिएमा प्रमुखले त्यस्तो सूचना अधिकारीलाई प्रचलित कानुनबमोजिम विभागीय कारबाही गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा सूचना दिन नमिल्ने देखिएमा प्रमुखले सोही व्यहोराको निर्णय गरी सोको कारणसहितको जानकारी निवेदकलाई दिनुपर्नेछ ।

१०. **पुनरावेदन दिनसक्ने :**

(१) दफा ९ को उपदफा (४) बमोजिम प्रमुखले गरेको निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र आयोगसमक्ष पुनरावेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको पुनरावेदनको कारबाही र किनारा गर्दा आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई

आफूसमक्ष उपस्थित गराई बयान गराउन, कुनै लिखत पेस गर्न लगाउन, सो सम्बन्धमा साक्षी प्रमाण बुझ्न वा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम पुनरावेदनको कारबाही र किनारा गर्दा आयोगले देहायबमोजिम गर्न सक्नेछ :-

(क) पुनरावेदनको व्यहोरा मनासिब देखिएमा समयावधि तोकी पुनरावेदकलाई विनाशुल्क सूचना उपलब्ध गराउनु भनी सम्बन्धित प्रमुखको नाममा आदेश गर्न,

(ख) पुनरावेदन निरर्थक देखिएमा पुनरावेदन खारेज गर्ने ।

(४) आयोगले पुनरावेदन परेको साठी दिनभित्र सो पुनरावेदन सम्बन्धमा आवश्यक कारबाही गरी अन्तिम निर्णय गर्नुपर्नेछ ।

(५) आयोगले यस दफाबमोजिम पुनरावेदनको कारबाही गर्दा अपनाउनुपर्ने अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद – ३

## आयोगसम्बन्धी व्यवस्था

**११. आयोगसम्बन्धी व्यवस्था :**

(१) सूचनाको हकको संरक्षण, संवर्द्धन र प्रचलन गर्न कामका लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहनेछ ।

(२) आयोगमा प्रमुख सूचना आयुक्त र अन्य दुईजना सूचना आयुक्त रहनेछन् ।

(३) प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पदमा नियुक्तिका लागि सिफारिस गर्न देहायबमोजिमको एक समिति रहनेछ :-

(क) सभामुख - अध्यक्ष

(ख) सूचना तथा सञ्चारमन्त्री वा राज्यमन्त्री - सदस्य

(ग) सभापति, नेपाल पत्रकार महासंघ - सदस्य

(४) उपदफा (३) बमोजिमको समितिको सिफारिसमा नेपाल सरकारले प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको नियुक्त गर्नेछ । त्यसरी नियुक्ति गर्दा कम्तीमा एकजना महिला समावेश हुने गरी नियुक्त गर्नुपर्नेछ ।



(५) उपदफा (३) बमोजिमको समितिले प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पदमा नियुक्तिका लागि सिफारिस गर्दा सम्भव भएसम्म समावेशी सिद्धान्तको अनुसरण गर्नेछ ।

(६) उपदफा (३) बमोजिम नियुक्तिको सिफारिस गर्दा अपनाउने कार्यविधि सिफारिस समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

**१२. योग्यता :**

प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पदमा नियुक्ति हुन देहायबमोजिमको योग्यता पुगेको हुनुपर्नेछ :-

(क) नेपाली नागरिक,

(ख) मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोपाधि हासिल गरेको र

(ग) आमसञ्चार, कानुन न्याय, सार्वजनिक प्रशासन, सूचना प्रविधि वा व्यवस्थापन क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव हासिल गरेको ।

**१३. अयोग्यता :**

देहायको व्यक्ति प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पदमा नियुक्त हुन अयोग्य हुनेछ :

(क) दफा १२ बमोजिमको योग्यता नभएको,

(ख) नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट दोषी ठहरी सजाय पाएको,

(ग) सरकारी वा सार्वजनिक संस्थाको बहालवाला कर्मचारी,

(घ) कुनै राजनीतिक पदमा बहाल रहेको, र

(ङ) प्रचलित कानुनबमोजिम नियुक्तिका लागि अयोग्य भएको ।

**१४. पदावधि :**

(१) प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पदावधि पाँच वर्षको हुनेछ र निज सो पदमा पुनः नियुक्त हुन सक्ने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफामा लेखिएको पदावधिको अधीनमा रही सूचना आयुक्त प्रमुख सूचना आयुक्तको पदमा नियुक्त हुन सक्नेछ ।

(३) आयोगको प्रमुख सूचना आयुक्त र सूचना आयुक्तहरूको पदावधि समाप्त हुनुभन्दा एक महिनाअगाडि नै दफा ११ को उपदफा (३) बमोजिमको सिफारिस समितिले नयाँ नियुक्तिका लागि सिफारिस गर्नुपर्नेछ ।

**१५. पद रिक्त हुने :**

देहायका अवस्थामा प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पद रिक्त भएको मानिनेछ :-

(क) निजको उमेर पैंसट्ठी वर्ष पूरा भएमा,

(ग) निजले प्रधानमन्त्रीसमक्ष राजीनामा दिएमा,

(घ) निजको पदावधि पूरा भएमा,

(ङ) निज नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट दोषी ठहरिएमा, वा

(च) निजलाई दफा १६ बमोजिम आफ्नो पदबाट हटाएमा ।

**१६. पदबाट हटाउन सक्ने :**

व्यवस्थापिका-संसद्को सूचना तथा सञ्चारसँग सम्बन्धित समितिको सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुईतिहाइ सदस्य उपस्थित भई बसेको बैठकको दुईतिहाइ बहुमतबाट कार्यक्षमताको अभाव वा खराब आचरण भएको वा इमानदारीपूर्वक आफ्नो पदीय कर्तव्य पालना नगरेका आधारमा पदमा रहिरहनु उपयुक्त छैन भनी निर्णय भएको प्रस्ताव व्यवस्थापिका-संसद्को बैठकबाट पारित भएमा त्यस्तो प्रमुख सूचना आयुक्त वा सूचना आयुक्त पदबाट हट्नेछ । तर त्यस्तो आरोप लागेको प्रमुख सूचना आयुक्त वा सूचना आयुक्तलाई आफ्नो सफाइ पेस गर्न मनासिब माफिकको मौकाबाट वञ्चित गरिने छैन ।

**१७. सेवा सर्तसम्बन्धी व्यवस्था :**

प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पारिश्रमिक, सेवा सर्त र सुविधासम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**१८. शपथ :**

आफ्नो कार्यभार सम्हाल्नुअघि प्रमुख सूचना आयुक्तले प्रधानमन्त्री र सूचना आयुक्तले प्रमुख सूचना आयुक्तसमक्ष अनुसूचीबमोजिमको ढाँचामा शपथ ग्रहण गर्नुपर्नेछ ।



**१९. आयोगको काम, कर्तव्य र अधिकार :**

यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनासम्बन्धी अभिलेख, लिखत तथा अन्य सामग्रीको अध्ययन तथा अवलोकन गर्ने,

(ख) त्यस्तो निकायमा रहेको अभिलेख, लिखत वा अन्य सामग्रीसम्बन्धी सूचना सूचीकृत गरी मिलाइराख्न आदेश दिने,

(ग) नागरिकको जानकारीका लागि सूचना सार्वजनिक गर्न सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने,

(घ) समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने,

(ङ) यस ऐनबमोजिमको दायित्व पालना गर्न-गराउन सम्बन्धित पक्षलाई आदेश दिने,

(च) नेपाल सरकार तथा सूचना तथा सञ्चारसँग सम्बन्धित विभिन्न निकायहरूलाई सूचनाको हकको संरक्षण र संवर्द्धनका लागि आवश्यक सुझाव दिने वा सिफारिस गर्ने,

(छ) सूचनाको हकको संरक्षण, संवर्द्धन र प्रचलन गर्नका लागि आवश्यक पर्ने अन्य उपयुक्त आदेश दिने,

**२०. अधिकार प्रत्योजन :**

आयोगले आफ्नो दफा १० बमोजिम पुनरावेदनको कारबाही र किनारा गर्ने अधिकारबाहेक अन्य काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख सूचना आयुक्त, सूचना आयुक्त वा कुनै निकाय वा अधिकारीलाई तोकिएको सर्तको अधीनमा रही प्रयोग तथा पालना गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

**२१. आयोगको कार्यालय :**

आयोगको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र आयोगले आवश्यकताअनुसार नेपालका विभिन्न स्थानमा आफ्नो कार्यालय खोल्न सक्नेछ ।

२२. **आयोगको कर्मचारी :**

(१) आयोगमा आवश्यक संख्यामा कर्मचारीहरू रहनेछन् ।

(२) आयोगलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले व्यवस्था गर्नेछ ।

२३. **आयोगको खर्च :**

आयोगका लागि आवश्यक खर्चको व्यवस्था नेपाल सरकारले गर्नेछ ।

२४. **आयोगलाई सहयोग गर्नुपर्ने :**

सार्वजनिक निकायले आयोगको काम-कारवाहीमा सहयोग गर्नुपर्नेछ ।

२५. **वार्षिक प्रतिवेदन :**

(१) आयोगले प्रत्येक वर्ष आफूले गरेका काम-कारवाहीको वार्षिक प्रतिवेदन प्रधानमन्त्रीमार्फत् व्यवस्थापिका-संसद्मा प्रस्तुत गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन आयोगले सर्वसाधारणको जानकारीका लागि सार्वजनिक रूपमा प्रकाशन गर्नेछ ।

२६. **नेपाल सरकारसँग सर्म्पक :** आयोगले नेपाल सरकारसँग सर्म्पक राख्दा सूचना तथा सञ्चार मन्त्रालयमार्फत् राख्नुपर्नेछ ।

## परिच्छेद - ४

## सूचनाको संरक्षणसम्बन्धी व्यवस्था

२७. **सूचनाको वर्गीकरणसम्बन्धी व्यवस्था :**

(१) सार्वजनिक निकायमा रहेका दफा ३ को उपदफा (३) सँग सम्बन्धित सूचनाको संरक्षण गर्नका लागि नीतिगत रूपमा सूचनाको वर्गीकरण गर्न देहायबमोजिमको एक समिति रहनेछ :

(क) नेपाल सरकारको मुख्य सचिव----------------------अध्यक्ष

(ख) सम्बन्धित मन्त्रालयका सचिव-----------------------सदस्य

(ग) कार्यालय प्रमुख वा अध्यक्षले तोकेको सम्बन्धित विषयको विशेषज्ञ --------------------------------------- सदस्य

(२) उपदफा (१) अन्तर्गतको समितिले सूचनाको वर्गीकरण गर्ने प्रयोजनका लागि दफा ३ को उपदफा (३) सँग सम्बन्धित सूचना कति वर्षसम्म गोप्य राख्नुपर्ने हो सोको अवधि र सरंक्षण गर्ने



तरिकासमेतका बारेमा निश्चित मापदण्ड निर्धारण गरी सोको जानकारी आयोगलाई दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम समितिले गरेको वर्गीकरणमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो सूचना सार्वजनिक हुनुपर्ने भनी आयोगमा पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम परेको निवेदनउपर आयोगले पुनरावलोकन गर्दा सो सूचना गोप्य राख्नुपर्ने नदेखिएमा सार्वजनिक गर्न आदेश दिनेछ ।

(५) उपदफा (२) बमोजिम वर्गीकरण गरिएको सूचना त्यस्तो सूचनाको प्रकृतिअनुसार बढीमा तीस वर्षको अवधिसम्म गोप्य राख्न सकिनेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यसरी गोप्य राख्नुपर्ने सूचना गोप्य राखिराख्नुपर्ने वा नपर्ने सम्बन्धमा समितिले प्रत्येक दस वर्षमा पुनरावलोकन गर्नेछ ।

(७) उपदफा (६) बमोजिम पुनरावलोकन गर्दा त्यस्तो सूचना थप अवधिसम्मका लागि गोप्य राखिराख्नुपर्ने भएमा त्यसरी गोप्य रहनुपर्ने अवधि खुलाई सो अवधिसम्म गोप्य राख्ने गरी र गोप्य राख्नुनपर्ने भएमा गोप्य राख्नुनपर्ने गरी वर्गीकरण गर्न सक्नेछ ।

२८. **सूचनाको संरक्षण :**

(१) सार्वजनिक निकायले आफूसमक्ष रहेका व्यक्तिगत प्रकृतिका सूचनाहरू अनधिकृत प्रकाशन र प्रसारण नहुने गरी संरक्षण गरिराख्नुपर्नेछ ।

(२) सार्वजनिक निकायमा रहेका व्यक्तिगत सूचनाहरू देहायको अवस्थामा बाहेक सम्बन्धित व्यक्तिको लिखित सहमतिविना प्रयोग गर्नु हुँदैन ।

(क) कुनै व्यक्तिको जीवन वा सर्वसाधारणको स्वास्थ्य वा सुरक्षामा रहेको गम्भीर खतराको निवारण गर्ने सम्बन्धमा,

(ख) प्रचलित कानुनबमोजिम प्रकट गर्नुपर्ने विषय भएमा,

(ग) भ्रष्टाचार नियन्त्रण गर्ने सम्बन्धमा ।

२९. **सूचनादाताको संरक्षण :**

(१) सार्वजनिक निकायमा भएको वा भइरहेको वा हुन सक्ने भ्रष्टाचार, अनियमितता र प्रचलित कानुनबमोजिम अपराध मानिने कुनै कार्यको सूचना दिनु सम्बन्धित सार्वजनिक निकायका कर्मचारीको दायित्व हुनेछ ।

(२) उपदफा (१) बमोजिम सूचना दिने सूचनादाताको पहिचान गोप्य राख्नु सूचना प्राप्तकर्ताको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) बमोजिम सूचना दिएको कारणले त्यस्तो सूचनादातालाई पदबाट मुक्त गर्न वा कुनै किसिमको कानुनी दायित्व बहन गराउने गरी सजाय गरिने वा हानि-नोक्सानी पुऱ्याउन पाइने छैन ।

(४) उपदफा (३) विपरीत हुने गरी सूचनादातालाई सजाय गरेमा वा हानि-नोक्सानी पुऱ्याएमा सूचनादाताले सो निर्णय बदर गराउन क्षतिपूर्तिको मागसहितको उजुरी आयोगमा गर्न सक्नेछ ।

(५) आयोगले उपदफा (४) बमोजिम परेको उजुरीमा जाँचबुझ गर्दा सूचनादातालाई पदमुक्त गरेको भए त्यस्तो निर्णय बदर गर्न र सूचनादातालाई कुनै नोक्सानी पुगेको रहेछ भने क्षतिपूर्ति भराउनसमेत आदेश दिन सक्नेछ ।

३०. **व्यक्तिगत सूचना उपलब्ध गराउने**

(१) कुनै व्यक्तिले सार्वजनिक निकायमा बहाल र हुँदा सार्वजनिक पदसँग सम्बन्धित विषयको सूचना माग गरेमा त्यस्तो निकायले माग भएबमोजिम सम्बन्धित व्यक्तिलाई सूचना उपलब्ध गराउनुपर्नेछ ।

(२) कुनै सरोकारवाला व्यक्तिले सार्वजनिक निकायमा रहेका आफूसँग सम्बन्धित विषयको सूचना माग गरेमा निजलाई सो सूचना उपलब्ध गराउनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम सूचना माग गर्ने र प्राप्त गर्ने कार्यविधि दफा ७ मा उल्लेख भएबमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम सूचना लिंदा दफा ८ बमोजिमको दस्तुर लाग्नेछ ।



३१. **सूचनाको दुरुपयोग गर्न नहुने :**

(१) कुनै पनि व्यक्तिले सार्वजनिक निकायबाट प्राप्त गरेको सूचना जुन प्रयोजनका लागि प्राप्त गरेको हो सोही प्रयोजनका लागि प्रयोग नगरी दुरुपयोग गर्नु हुँदैन ।

(२) उपदफा (१) विपरीत कुनै व्यक्तिले सूचनाको दुरुपयोग गरेमा सम्बन्धित सार्वजनिक निकायले सो सम्बन्धमा आयोगसमक्ष उजुरी गर्न सक्नेछ ।

## परिच्छेद- ५

## सजाय तथा क्षतिपूर्तिसम्बन्धी व्यवस्था

३२. **सजाय :**

(१) सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले मनासिव कारणविना सूचना नदिएको वा दिन इन्कार गरेको, आंशिक रूपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको देखिएमा आयोगले त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई एक हजारदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो प्रमुख वा सूचना अधिकारी विभागीय कारवाही हुने पदमा रहेको भए निजलाई विभागीय सजायका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(२) सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले समयमा दिनुपर्ने सूचना विनाकारण समयमा उपलब्ध नगराई ढिलाइ गरेमा जति दिन ढिलाइ गरेको हो प्रतिदिन दुई सय रुपैयाँको दरले निजलाई जरिवाना हुनेछ ।

(३) उपदफा (१) बमोजिम आयोगबाट विभागीय कारवाहीका लागि लेखी आएमा सार्वजनिक निकायले तीन महिनाभित्र त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई विभागीय कारवाही गरी सोको जानकारी आयोगलाई दिनुपर्नेछ ।

(४) कुनै व्यक्तिले सार्वजनिक निकायबाट प्राप्त गरेको सूचना जुन प्रयोजनको निमित्त प्राप्त गरेको हो सोही प्रयोजनका लागि प्रयोग नगरी दुरुपयोग गरेको देखिएमा आयोगले सूचनाको दुरुपयोगको गम्भीरता हेरी त्यस्तो व्यक्तिलाई पाँच हजारदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(५) आयोगले यस ऐनबमोजिम गरेको निर्णय वा दिएको आदेश पालना नगर्ने व्यक्तिलाई आयोगले दस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

३३. **क्षतिपूर्ति**

(१) सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले यस ऐनबमोजिम सूचना नदिएको, दिन इन्कार गरेको, आंशिक रूपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको कारणले कुनै व्यक्तिलाई हानि-नोक्सानी पर्न गएमा त्यस्तो व्यक्तिले सूचना नपाएको, आंशिक रूपमा वा गलत सूचना पाएको वा सूचना नष्ट गरेको मितिले तीन महिनाभित्र आयोगसमक्ष क्षतिपूर्तिका लागि निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा मनासिब देखिएमा आयोगले निवेदकलाई पर्न गएको वास्तविक हानि-नोक्सानीलाई विचार गरी मनासिब माफिकको क्षतिपूर्ति सम्बन्धित निकायबाट भराई दिन सक्नेछ

३४. **पुनरावेदन** : दफा ३२ बमोजिम आयोगले गरेको निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद- ६

## विविध

३५. **सूचना सच्याउन सकिने** :

(१) सार्वजनिक निकायमा रहेको कुनै विषयको सूचना गलत छ भन्ने कुरा कुनै व्यक्तिलाई लागेमा त्यस्तो व्यक्तिले सो सूचना सच्याउनका लागि आवश्यक प्रमाणसहित सम्बन्धित प्रमुखसमक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा प्रमुखले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा आफ्नो निकायमा रहेको सूचना गलत भएको देखिएमा निवेदन परेको सात दिनभित्र त्यस्तो सूचना सच्याई सोको जानकारी निवेदकलाई दिनुपर्नेछ ।



३६. **असल नियतले गरेको कामको बचाउ** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रमुख वा सूचना अधिकारीले सूचना प्रवाह गर्ने सम्बन्धमा असल नियतले गरेको काम-कारवाही सम्बन्धमा निजउपर कुनै प्रकारको मुद्दा चलाइने र निजलाई कुनै सजाय गरिने छैन ।

३७. **यसै ऐनबमोजिम हुने** : यस ऐनमा लेखिए जति कुरामा यसै ऐनबमोजिम र अन्यमा प्रचलित कानुनबमोजिम हुनेछ ।

३८. **नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आयोगसँग परामर्श गरी आवश्यक नियम बनाउन सक्नेछ ।

## अनुसूची

**(दफा १८ सँग सम्बन्धित)**

**शपथ**

म... ... ... ... ... ... ... ... ... .... ... ... मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वरका नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा मात्र निहित रहनुपर्ने भनी जनताद्वारा जनआन्दोलनमार्फत् अभिव्यक्त भावनालाई उच्च सम्मान गर्दै मुलुकको संविधान र कानुनप्रति निष्ठावान् रही आफूले ग्रहण गरेको प्रमुख सूचना आयुक्त/सूचना आयुक्त पदको जिम्मेवारी र कर्तव्य कसैको डर, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी नागरिकको सुसूचित हुने हकको सम्मान गर्दै सूचनाको हकसम्बन्धी कानुनको प्रभावकारी प्रचलन र कार्यान्वयन गर्न क्रियाशील रहनेछु ।

प्रमाणीकरण मिति : २०६४ साउन ५ गते

**नेपाल सरकारद्वारा नेपाल राजपत्रमा भाग– ३, खण्ड ५८, संख्या ४३, मिति २०६५ साल माघ २१ गते प्रकाशित**

# सूचनाको हकसम्बन्धी नियमावली, २०६५

| संशोधन | राजपत्रमा प्रकाशित मिति |
|---|---|
| सूचनाको हकसम्बन्धी (पहिलो संशोधन)... ... ... ... ... ... ... | २०६८।१२।१३ |
| सूचनाको हकसम्बन्धी (दोस्रो संशोधन)... ...... ... ... ... ... ... | २०७०।४।२८ |

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ :-

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यी नियमहरूको नाम "सूचनाको हकसम्बन्धी नियमावली, २०६५" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले सूचनाको हकसम्बन्धी ऐन, २०६४ सम्झनुपर्छ ।

*(क१) "उजुरी" भन्नाले ऐनको दफा ८ को उपदफा (३), दफा २९ को उपदफा (४) वा नियम ५ क बमोजिम आयोगमा परेको उजुरी सम्झनुपर्छ ।

*(क२) "निवेदन" भन्नाले ऐनको दफा २७ को उपदफा (३) र दफा ३३ को उपदफा (१) बमोजिम आयोगमा परेको निवेदन सम्झनुपर्छ ।

*(क३) "समिति" भन्नाले ऐनको दफा २७ को उपदफा (१) बमोजिम‌को सूचना वर्गीकरणसम्बन्धी समिति सम्झनुपर्छ ।

* दोस्रो संशोधनद्वारा थप गरिएको ।



(ख) "सचिव" भन्नाले नियम २० बमोजिम तोकिएको आयोगको सचिव सम्झनुपर्छ ।

३. **सूचना प्रकाशन गर्नुपर्ने :**

सार्वजनिक निकायले ऐनको दफा ५ को उपदफा (३) मा लेखिएको अतिरिक्त देहायका सूचनासमेत सूचीकृत गरी प्रकाशन गर्नुपर्नेछ :-

(क) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण,

(ख) सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण,

*(ख१) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौतासम्बन्धी विवरण,

*(ख२) सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन,

*(ख३) सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि,

*(ख४) सार्वजनिक निकायमा परेका सूचना मागसम्बन्धी निवेदन र सोउपर सूचना दिइएको विषय ।

(ग) सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण ।

४. **सूचनाबापत लाग्ने दस्तुर :**

(१) निवेदकले ऐनको दफा ७ बमोजिम सूचना माग गर्दा बुझाउनुपर्ने दस्तुर सम्बन्धमा प्रचलित कानुनमा छुट्टै व्यवस्था गरेकोमा सोहीबमोजिमको दस्तुर र त्यस्तो दस्तुरको व्यवस्था नगरेकोमा देहायबमोजिमको दस्तुर सम्बन्धित सार्वजनिक निकायसमक्ष बुझाउनुपर्नेछ :-

* दोस्रो संशोधनद्वारा थप गरिएको ।

(क) सामान्य आकारको (आठ दशमलव तीन इन्च चौडाइ र एघार दशमलव सात इन्च लम्बाइसम्म साइज भएको कागजमा तयार गरिएको वा रहेको सूचनाका लागि प्रतिपृष्ठ पाँच रुपैयाँ,

(ख) खण्ड (क) मा उल्लेख भएभन्दा ठूलो आकारको कागजमा तयार गरिएको वा रहेको सूचनाका लागि प्रतिपृष्ठ दस रुपैयाँ,

(ग) डिस्केट, सीडी र अन्य यस्तै प्रकारका विद्युतीय माध्यमद्वारा प्रदान गरिने सूचनाका लागि प्रति डिस्केट, सीडीवापत पचास रुपैयाँ,

(घ) सार्वजनिक निकायमा रहेको कुनै लिखत, सामग्री वा सो निकायको काम-कारबाहीको अध्ययन वा अवलोकन वा सार्वजनिक महत्वका निर्माण कार्य भइरहेको स्थलको भ्रमण वा अवलोकन आधा घण्टाभन्दा बढी समय गर्ने भएमा प्रतिघण्टा प्रतिव्यक्ति पचास रुपैयाँ। तर सार्वजनिक पुस्तकालय र सार्वजनिक रूपमा निःशुल्क उपलब्ध गराइएको स्थानको अवलोकनवापत दस्तुर लाग्ने छैन।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामान्य आकारको (आठ दशमलव तीन इन्च चौडाइ र एघार दशमलव सात इन्च लम्बाइसम्म साइज भएको कागजमा तयार गरिएको वा रहेको *दस पृष्ठसम्मको सूचना सम्बन्धित सार्वजनिक निकायले निःशुल्क उपलब्ध गराउनुपर्नेछ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सूचना तयार गर्दा सो उपनियममा लेखिएभन्दा बढी खर्च लाग्ने भएमा सार्वजनिक निकायले वास्तविक लागतको आधारमा दस्तुर निर्धारण गर्न सक्नेछ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक निकायले सूचना दिंदा लिने दस्तुरवापतको रकम नगदै लिने वा कुनै खास बैंकमा जम्मा गरी सोको भौचर पेस गर्न लगाउन वा सो रकमबराबर को टिकट निवेदनमा टाँस गर्न लगाउन सक्नेछ।

---

* दोस्रो संशोधनद्वारा थप गरिएको।



(५) यस नियममा लेखिएको सूचनावापतको दस्तुर प्रत्येक दुई वर्षमा पुनरावलोकन गरी अद्यावधिक गरिनेछ।

***"४(क) मौखिक रूपमा सूचना माग गर्न सक्ने :**

(१) ऐनको दफा ७ बमोजिम सूचना प्राप्त गर्न चाहने व्यक्ति निरक्षर वा शारीरिक रूपले लेख्न नसक्ने भएमा निजले मौखिक रूपमा पनि सार्वजनिक निकायसमक्ष सूचना माग गर्न सक्नेछ।

(२) कसैले उपनियम (१) बमोजिम मौखिक रूपमा सूचना माग गरेमा सम्बन्धित सूचना अधिकारीले निजको कुरा निवेदनको रूपमा लेखी सो व्यहोरा निजलाई सुनाई त्यस्तो निवेदनमा निजको सहीछाप गराई राख्नुपर्नेछ।"

**५. पुनरावेदन दर्ता :**

(१) ऐनको दफा १० को उपदफा (१) बमोजिम पुनरावेदन दिने व्यक्तिले अनुसूचीबमोजिमको ढाँचामा आयोगसमक्ष पुनरावेदन दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम पुरावेदन गर्दा सम्बन्धित व्यक्तिले चाहेमा आफैं उपस्थित भई वा सम्बन्धित सार्वजनिक निकाय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा कुनै हुलाकमार्फत् पुनरावेदन दिन सक्नेछ।

(३) उपनियम (२) बमोजिम कुनै व्यक्तिले सार्वजनिक निकाय वा जिल्ला प्रशासन कार्यालयमार्फत् पुनरावेदन दिएकोमा त्यस्तो कार्यालयले पुनरावेदन दिने व्यक्तिलाई बुझेको भर्पाइ दिई सो पुनरावेदन तीन दिनभित्र आयोगमा पठाइदिनु पर्नेछ।

(४) उपनियम (१) वा (२) बमोजिम प्राप्त भएको पुनरावेदन जाँचबुझ गर्दा ऐनको म्यादभित्र परेको देखिएमा सचिवले त्यस्तो पुनरावेदन दर्ता गर्नुपर्नेछ।

(५) उपनियम (४) बमोजिम जाँचबुझ गर्दा प्राप्त पुनरावेदन ऐनको म्याद नाघी बुझाएको देखिएमा सचिवले सोही व्यहोरा जनाई पुनरावेदन दरपीठ गर्नुपर्नेछ।

*"(६) उपनियम (५) बमोजिम पुनरावेदन दरपीठ गरेको जानकारी सचिवले आयोग र सम्बन्धित पुनरावेदकलाई दिनुपर्नेछ ।"

*"**५(क) उजुरी दिन सक्ने** : (१) सूचना अधिकारीले सूचना माग गर्ने व्यक्तिको सूचना मागको निवेदन दर्ता नगरेको, माग गरेबमोजिमको सूचना नदिएको वा गलत सूचना दिएको विषयमा चित्त नबुझ्ने व्यक्तिले सात दिनभित्र प्रमुखसमक्ष उजुरी दिन सक्नेछ ।"

(२) उपनियम (१) बमोजिम प्राप्त भएको उजुरी जाँचबुझ गर्दा सूचना अधिकारीले सूचना मागको निवेदन दर्ता नगरेको, माग गरेबमोजिम सूचना नदिएको वा गलत सूचना दिएको देखिएमा प्रमुखले निवेदकद्वारा माग भएबमोजिमको सूचना उपलब्ध गराउन सूचना अधिकारीलाई आदेश दिन सक्नेछ र त्यसरी आदेश भएमा सूचना अधिकारीले सम्बन्धित निवेदकलाई सात दिनभित्र सूचना उपलब्ध गराउनुपर्नेछ । (३) उपनियम (१) बमोजिम प्रमुखसमक्ष उजुरी दिँदा निवेदकको उजुरी उपर सात दिनभित्र कुनै कारबाही नभएमा सो म्याद नाघेको पन्ध्र दिनभित्र आयोगसमक्ष निवेदन दिन सकिनेछ ।

*६. **पुनरावेदन, उजुरी तथा निवेदनउपरको कारबाही, निर्णय र कार्यान्वयन** :

*(१) आयोगले पुनरावेदन, उजुरी वा निवेदनको कारबाही र किनारा गर्दा पुनरावेदक, उजुरीकर्ता वा निवेदकको माग दाबी, निजले पेस गरेको प्रमाण तथा अन्य सम्बद्ध प्रमाणको मूल्यांकनको आधारमा गर्नुपर्नेछ ।

*(२) आयोगले पुनरावेदक, उजुरीकर्ता वा निवेदकको मागबमोजिम सार्वजनिक निकायका प्रमुखको नाममा कुनै आदेश जारी गर्दा वा पुनरावेदन, उजुरी वा निवेदन खारेज गर्दा आधार र कारण खुलाउनु पर्नेछ ।

*(३) आयोगले आफूसमक्ष पर्न आएको पुनरावेदन, उजुरी वा निवेदनउपर सुनुवाइ गर्दा आवश्यकताअनुसार पक्षविपक्ष, निजका प्रतिनिधि वा सम्बन्धित कानुन व्यवसायीको उपस्थितिमा गर्न सक्नेछ ।

* दोस्रो संशोधनद्वारा थप गरिएको ।



*(४) आयोगले आफूसमक्ष पुनरावेदन प्राप्त भएको मितिले साठी दिनभित्र र उजुरी वा निवेदन सम्बन्धमा यस नियमावलीमा अन्यथा उल्लेख भएकोमा बाहेक पैंतालीस दिनभित्र किनारा लगाउनु पर्नेछ ।

*(५) सचिवले आयोगबाट भएका आदेश वा निर्णय कार्यान्वयन गर्न सम्बन्धित पदाधिकारीसमक्ष लेखी पठाउनु पर्नेछ ।

*(६) उपनियम (५) बमोजिम आयोगको आदेश वा निर्णय कार्यान्वयनका लागि लेखी आएमा सम्बन्धित पदाधिकारीले एक महिनाभित्र सो आदेश वा निर्णयको कार्यान्वयन गरी वा गराई सोको जानकारी आयोगलाई दिनुपर्नेछ ।

*(७) आयोगले ऐनबमोजिम गरेको जरिवाना असुलउपर गर्ने जिम्मेवारी प्रमुख जिल्ला अधिकारीको हुनेछ ।

७. **कार्यविधि निर्धारण गर्न सक्ने** :

(१) आयोगले पुनरावेदनको कारबाही र किनारा गर्ने सिलसिलामा सम्बन्धित प्रमुख, सूचना अधिकारी वा अन्य सम्बद्ध व्यक्तिलाई बयानको लागि आयोगसमक्ष उपस्थित गराउन वा सम्बद्ध व्यक्तिबाट लिखत वा सबुद प्रमाण पेस गर्न लगाउने सम्बन्धमा आवश्यक कार्यविधि निर्धारण गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको कार्यविधि आयोगले सार्वजनिक गर्नुपर्नेछ ।

८. **आयोगको काम-कारबाही** :

ऐन तथा यस नियमावलीमा अन्यथा उल्लेख भएकोमा बाहेक आयोगको तर्फबाट गरिने सम्पूर्ण कामकारबाही आयोगको बैठकबाट निर्णय भएबमोजिम हुनेछ । *"तर उजुरी वा निवेदनको प्रारम्भिक कारबाही एकजना सूचना आयुक्तले गर्न सक्नेछ ।"

९. **आयोगको बैठक र निर्णय** :

(१) आयोगको बैठक आवश्यकतानुसार बस्नेछ ।

* दोस्रो संशोधनद्वारा थप गरिएको ।

(२) प्रमुख सूचना आयुक्तको निर्देशनमा सचिवले आयोगको बैठकको मिति, समय र छलफलको विषय सूची सूचना आयुक्तलाई उपलब्ध गराउनेछ ।

(३) प्रमुख सूचना आयुक्त र कम्तीमा एकजना सूचना आयुक्त वा दुईजना सूचना आयुक्त उपस्थित भएमा आयोगको बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ । यसरी बसेको बैठकमा कुनै निर्णयउपर राय बाझिएमा अनुपस्थित प्रमुख सूचना आयुक्त वा सूचना आयुक्तसमेत उपस्थित भएको अर्को बैठकमा पुनः पेस गर्नुपर्नेछ ।

(४) आयोगको बैठकको अध्यक्षता प्रमुख सूचना आयुक्तले गर्नेछ । प्रमुख सूचना आयुक्तको अनुपस्थितिमा उपस्थित सूचना आयुक्तहरूमध्ये वरिष्ठ सूचना आयुक्तले बैठकको अध्यक्षता गर्नेछ र त्यसरी बैठकको अध्यक्षता गर्ने सूचना आयुक्तले प्रमुख सूचना आयुक्तको अधिकार प्रयोग गर्न सक्नेछ ।

(५) बहुमत सूचना आयुक्तहरूको राय आयोगको निर्णय मानिनेछ ।

(६) आयोगको निर्णय सचिवले प्रमाणित गरी राख्नेछ ।

(७) आयोगको बैठकसम्बन्धी अन्य कार्यविधि आयोग आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

**१०. पारिश्रमिक :**

(१) प्रमुख सूचना आयुक्त तथा सूचना आयुक्तको पारिश्रमिक क्रमशः चौबीस हजार तीन सय रुपैयाँ र बाइस हजार आठ सय रुपैयाँ हुनेछ । ^तर नेपाल सरकारले समयसमयमा प्रमुख सूचना आयुक्त तथा सूचना आयुक्तको पारिश्रमिक वृद्धि गर्न सक्नेछ ।

**११. आवास, बिजुली, धारा र टेलिफोन सुविधा :**

(१) काठमाडौं उपत्यकाभित्र आफ्नो वा आफ्नो सगोलमा रहेको परिवारको कुनै सदस्यको नाममा घर नहुने प्रमुख सूचना आयुक्त र सूचना आयुक्तलाई मासिक रूपमा घर भाडाबापत क्रमशः बाह्र हजार एक सय पचास रुपैयाँ र एघार हजार चार सय रुपैयाँ दिइनेछ ।

---

^ पहिलो संशोधनद्वारा थप गरिएको ।



(२) काठमाडौं उपत्यकाभित्र आफ्नो घर हुने प्रमुख सूचना आयुक्त र सूचना आयुक्तलाई घर सफाइ एवं मर्मतको निमित्त क्रमशः मासिक एक हजार पाँच सय रुपैयाँ र एक हजार दुई सय रुपैयाँ दिइनेछ ।

(३) प्रमुख सूचना आयुक्त र सूचना आयुक्त प्रत्येकलाई टेलिफोन, बिजुली र धारा सुविधाबापत मासिक एक हजार पाँच सय रुपैयाँ दिइनेछ ।

**१२. सवारी तथा इन्धन सुविधा :**

(१) प्रमुख सूचना आयुक्त र सूचना आयुक्त प्रत्येकलाई ड्राइभरसहितको मोटर एक, मासिक एक सय लिटर इन्धन र त्रैमासिक पाँच लिटर लुब्रिकेन्ट नेपाल सरकारले उपलब्ध गराउनेछ ।

(२) आफ्नो निजी मोटर प्रयोग गर्ने प्रमुख सूचना आयुक्त र सूचना आयुक्तलाई एकएकजना हलुका सवारी चालक, मासिक एक सय लिटर इन्धन र त्रैमासिक पाँच लिटर लुब्रिकेन्टबापतको रकम नेपाल सरकारले उपलब्ध गराउनेछ ।

(३) उपनियम (१) बमोजिम उपलब्ध गराइएको सरकारी मोटरको नियमित मर्मत र सम्भारको बन्दोबस्त आयोगबाट हुनेछ ।

(४) उपनियम (१) वा (२) बमोजिम सवारी साधनको बन्दोबस्त नभएको अवस्थामा प्रमुख सूचना आयुक्त र सूचना आयुक्तलाई सवारी तथा इन्धन सुविधाबापत मासिक रूपमा क्रमशः पन्ध्र हजार रुपैयाँ र बाह्र हजार रुपैयाँ दिइनेछ ।

**१३. उपचार खर्च :**

(१) प्रमुख सूचना आयुक्त वा सूचना आयुक्तलाई प्रत्येक वर्ष एक महिनाको तलबबराबरको रकम वा वास्तविक रूपमा लागेको बिलबमोजिमको उपचार खर्चमध्ये जुन रकम कम हुन्छ सोहीबमोजिमको रकम उपचार खर्चबापत दिइनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रमुख सूचना आयुक्त र सूचना आयुक्त बिरामी भई थप उपचार गर्नुपर्ने भएमा नेपाल सरकारले तोकेको मेडिकल बोर्डको सिफारिसका आधारमा नेपाल सरकारबाट उपयुक्त ठहऱ्याएको रकम थप उपचार खर्च दिन सकिनेछ ।

(३) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रमुख सूचना आयुक्त वा सूचना आयुक्तको उपचारवापत आयोगले नेपाल सरकारसँग परामर्श गरी स्वास्थ्य बिमा (मेडिकल इन्सुरेन्स) को व्यवस्था गर्न सक्नेछ र त्यस्तो व्यवस्था भएकोमा यस नियमबमोजिमको उपचार खर्च उपलब्ध गराइने छैन ।

**१४. दैनिक तथा भ्रमण भत्ता :**

(१) प्रमुख सूचना आयुक्त वा सूचना आयुक्तलाई आफ्नो ओहोदासम्बन्धी काममा नेपालभित्र भ्रमण गर्दा देहायबमोजिम दैनिक तथा भ्रमण भत्ता दिइनेछ :-

(क) दैनिक भत्ता : पाँच सय रुपैयाँ

(ख) भ्रमण भत्ता :

(१) उपनियम (१) बमोजिम भ्रमणमा जाँदा वास बस्नुपरेमा प्रत्येक रातका लागि प्रमुख सूचना आयुक्त र सूचना आयुक्तलाई एक हजार दुई सय रुपैयाँमा नबढ्ने गरी एकपटकमा बढीमा सात दिनको करको प्रयोजनका लागि दर्ता भएको होटेल बिलबमोजिमको होटेल खर्च दिइनेछ ।

(२) प्रमुख सूचना आयुक्त र सूचना आयुक्तले दुर्गम क्षेत्रका कुनै जिल्लामा भ्रमण गरेवापत प्रचलित कानुनबमोजिम थप भ्रमण भत्ता पाउने भए सोसमेत पाउनेछ ।

(२) प्रमुख सूचना आयुक्त र सूचना आयुक्तलाई आफ्नो ओहोदासम्बन्धी काममा वा नेपाल सरकारको तर्फबाट विभिन्न समारोह, उत्सव, सम्मेलन इत्यादिमा भाग लिन नेपाल बाहिर भ्रमण गर्दा १७५ अमेरिकी डलर दैनिक तथा भ्रमण भत्ता दिइनेछ। तर भारतको चेन्नई, हैदराबाद, बैङलोर, मुम्बई, दिल्ली, कोलकाता र बंगलादेशका ढाका र चटगाउँबाहेक अन्य स्थानमा रात बिताउनुपर्दा सो दरको पचास प्रतिशत रकम मात्र दिइनेछ ।



(३) उपनियम (२) बमोजिम नेपाल बाहिर भ्रमण गर्दा यस नियमावलीबमोजिम दैनिक भत्ता पाउनेमा प्रस्थान गरेको दिनको पूरै र भ्रमणबाट फर्केको दिनको हकमा सो दिनभन्दा अघिल्लो दिनका लागि पाउने दैनिक भत्ताको आधा रकम मात्र दिइनेछ ।

(४) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै समारोह, उत्सव वा सम्मेलनमा भाग लिन जाने प्रमुख सूचना आयुक्त वा सूचना आयुक्तको सम्पूर्ण खर्च कुनै विदेशी सरकार वा संघसंस्थाले व्यहोर्ने भएमा निजले दैनिक पच्चीस अमेरिकी डलर रकम पकेट खर्चवापत पाउनेछ ।

**१५. चाडपर्व खर्च :**

(१) प्रमुख सूचना आयुक्त र सूचना आयुक्तले आफ्नो धर्म, संस्कृति र परम्पराअनुसार मनाइने चाडपर्वका लागि एक महिनाको पारिश्रमिकबराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रूपमा पाउनेछ ।

(२) उपनियम (१) बमोजिमको रकम प्रमुख सूचना आयुक्त र सूचना आयुक्तले एक आर्थिक वर्ष मा एकपटक आफ्नो धर्म, संस्कृति र परम्पराअनुसार मनाइने प्रमुख चाडपर्वका अवसरमा भुक्तानी लिन सक्नेछ ।

**१६. पदीय आचरण :**

प्रमुख सूचना आयुक्त र सूचना आयुक्तले आफ्नो सेवा र पदअनुकूलको आचरण पालना गर्नुपर्नेछ र त्यस्तो आचरणसम्बन्धी व्यवस्था आयोग आफैंले बनाई लागू गर्नेछ ।

**१७. बिदा :**

(१) प्रमुख सूचना आयुक्त र सूचना आयुक्तले प्रत्येक वर्ष पारिश्रमिकसहितको ६ दिन भैपरी आउने बिदा र ६ दिन पर्व बिदा पाउनेछन् ।

(२) प्रमुख सूचना आयुक्त र सूचना आयुक्तले प्रत्येक वर्ष तीस दिनमा नबढाई पारिश्रमिकसहितको घर बिदा लिन पाउनेछ ।

(३) प्रमुख सूचना आयुक्त र सूचना आयुक्तले प्रत्येक वर्ष पारिश्रमिकसहितको बाह्र दिन बिरामी बिदा पाउनेछ ।

(४) प्रमुख सूचना आयुक्त र सूचना आयुक्तले घर बिदा र बिरामी बिदा सञ्चित गरी राख्न सक्नेछ र जुनसुकै व्यहोराले निज आफ्नो पदमा बहाल नरहेमा निजको सञ्चित रहेको घर बिदा र बिरामी बिदावापत निजले पाई आएको पारिश्रमिकको दरले हुन आउने रकम एकमुष्ट लिन पाउनेछ ।

(५) प्रमुख सूचना आयुक्त र सूचना आयुक्तले आफू किरिया बस्नुपरेमा कुल धर्म हेरी बढीमा पन्ध्र दिनसम्मको पारिश्रमिकसहितको किरिया बिदा पाउनेछ ।

(६) महिला प्रमुख सूचना आयुक्त वा महिला सूचना आयुक्त गर्भवती भएमा प्रसूतिको अघि र पछि गरी निजले बढीमा साठी दिन पारिश्रमिकसहितको प्रसूती बिदा एकपटक पाउनेछ ।

**१८. बिदा दिने अधिकारी :**

(१) प्रमुख सूचना आयुक्तले भैपरी आउने बिदा र पर्व बिदा आफैंले लिन सक्नेछ र अन्य बिदाहरू नेपाल सरकारबाट स्वीकृत गराउनु पर्नेछ ।

(२) सूचना आयुक्तले सबै बिदाहरू प्रमुख सूचना आयुक्तबाट स्वीकृत गराउनुपर्नेछ ।

**१९. कार्यवाहक भई काम गर्ने :**

(१) प्रमुख सूचना आयुक्त बिदामा बसेको, विदेशमा गएको वा प्रमुख सूचना आयुक्तको पद रिक्त भएको अवस्थामा त्यस्तो बिदाको अवधिभर, विदेशमा गएको अवधिभर वा रिक्त पद पूर्ति नभएसम्मका लागि वरिष्ठतम सूचना आयुक्तले कार्यवाहक प्रमुख सूचना आयुक्त भई काम गर्नेछ ।

(२) उपनियम (१) बमोजिम कार्यवाहक प्रमुख सूचना आयुक्त भई काम गर्ने सूचना आयुक्तले लगातार पन्ध्र दिनभन्दा बढी अवधि कार्यवाहक भई काम गरेमा त्यसरी कार्यवाहक भई काम गरेको अवधिभरका लागि प्रमुख सूचना आयुक्तले पाएसरहको पारिश्रमिक र सुविधा पाउनेछ ।



(३) यस नियमावलीको प्रयोजनका लागि वरिष्ठताको आधार कायम गर्दा नियुक्ति मितिको आधारमा गरिनेछ र सबै सूचना आयुक्तको नियुक्ति मिति एउटै भएमा नियुक्तिको क्रमका आधारमा वरिष्ठता कायम गरिनेछ ।

**२०. सचिवसम्बन्धी व्यवस्था :**

(१) आयोगको प्रशासकीय प्रमुखको रूपमा काम गर्न एकजना सचिव रहनेछ ।

(२) नेपाल सरकारले निजामती सेवाको राजपत्रांकित विशिष्ट श्रेणीको कुनै अधिकृतलाई आयोगको सचिवको रूपमा काम गर्न तोक्नेछ ।

**२१. सचिवको काम, कर्तव्य र अधिकार :**

सचिवको काम, कर्तव्य र अधिकार यस नियमावलीमा अन्यत्र लेखिएको अतिरिक्त देहायबमोजिम हुनेछ :-

(क) आयोगको प्रशासकीय प्रमुखको रूपमा काम गर्ने,

(ख) आयोगमा परेका पुनरावेदन, निवेदन, उजुरी तथा अन्य प्रयोजनका लागि आवश्यक पर्ने कागजात सम्बन्धित निकायबाट झिकाउने,

(ग) पुनरावेदन, निवेदन तथा उजुरीसाथ सलंग्न कागजात जाँचबुझ गर्ने,

(घ) आयोगको निर्णय तथा आदेशको कार्यान्वयन गर्ने-गराउने,

(ङ) आयोगको तर्फबाट अन्य कुनै निकायमा सम्पर्क गर्नुपर्ने भएमा पत्राचार गर्ने वा गराउने,

(च) आयोगमा जम्मा भएको दस्तुर तथा रकम सरकारी को षमा जम्मा गर्न लगाउने,

(छ) आयोगसमक्ष परेको पुनरावेदन, निवेदन तथा उजुरी जाँचबुझ गरी आयोगसमक्ष पेस गर्ने,

(ज) आयोगको तर्फबाट गर्नुपर्ने प्रवर्द्धनात्मक कार्यहरू गर्ने वा गराउने,

(झ) आयोगको कामकारबाहीसँग सम्बन्धित तथा *आयोगबाट प्रत्यायोजित वा तोकिएबमोजिमका अन्य काम गर्ने वा गराउने ।

* दोस्रो संशोधनद्वारा थप गरिएको ।

**२२. सचिवको आदेशउपरको उजुरी :**

(१) ऐन वा यस नियमावलीबमोजिम आयोगसमक्ष परेको पुनरावेदन, निवेदन वा उजुरीका सम्बन्धमा सचिवले ^………… दिएको आदेशउपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेश दिएको मितिले पन्ध्र दिनभित्र आयोगसमक्ष उजुरी गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै उजुरी परेमा आयोगले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी सात दिनभित्र टुंगो लगाउनु पर्नेछ ।

**२३. निर्णय गर्ने वा सूचना उपलब्ध गराउने अवधि :**

(१) ऐनको दफा ९ को उपदफा (१) बमोजिम परेको उजुरी सम्बन्धमा प्रमुखले आवश्यक जाँचबुझ गरी सात दिनभित्र अन्तिम टुंगो लगाइसक्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम उजुरी जाँचबुझ गर्दा ऐनको दफा ९ को उपदफा (२) बमोजिम उजुर गर्ने व्यक्तिलाई सूचना उपलब्ध गराउनुपर्ने देखिएमा प्रमुखले त्यसरी उजुरी टुंगो लागेको मितिले बढीमा सात दिनको म्याद दिई सूचना उपलब्ध गराउन सम्बन्धित सूचना अधिकृतलाई आदेश दिनुपर्नेछ ।

**२४. सूचना दुरुपयोग गरेमा उजुरी गर्नेसम्बन्धी कार्यविधि :**

(१) कुनै व्यक्तिले सार्वजनिक निकायबाट प्राप्त गरेको सूचना जुन प्रयोजनका लागि प्राप्त गरेको हो सो प्रयोजनका लागि प्रयोग नगरी दुरुपयोग गरेमा सम्बन्धित सार्वजनिक निकायले त्यसरी सूचना दुरुपयोग गरेको जानकारी भएको मितिले पैंतीस दिनभित्र आयोगसमक्ष उजुरी गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको उजुरी जाँचबुझ गर्दा सूचना प्राप्त गर्ने व्यक्तिले सूचना दुरुपयोग गरेको देखिएमा आयोगले त्यस्तो व्यक्तिलाई ऐनबमोजिम सजाय गर्नेछ ।

(३) उपनियम (२) बमोजिम सजाय गर्नुअघि आयोगले आवश्यक ठानेमा सूचना दुरुपयोगको आरोप लागेको व्यक्तिलाई आयोगसमक्ष झिकाई बयान गराउन सक्नेछ ।

^ पहिलो संशोधनद्वारा थप गरिएको ।



***२४क सूचना अधिकारी तोक्ने :**

सार्वजनिक निकायले ऐनको दफा ६ बमोजिम सूचना अधिकारी तोक्दा सार्वजनिक निकायमा कार्यरत प्रशासकीय प्रमुखले आफूभन्दा दोस्रो वा तेस्रोमुनिको अधिकारीलाई तोक्नुपर्नेछ ।

***२४ख सम्बन्धित विशेषज्ञ तोक्नुपर्ने :**

ऐनको दफा २७ को उपदफा (१) को खण्ड (ग) बमोजिम समितिमा विशेषज्ञ सदस्य तोक्दा विषयवस्तुसँग सम्बन्धित विज्ञलाई तोक्नुपर्नेछ ।

***२४ग सूचना वर्गीकरण गर्दा आधार कारण खुलाउनुपर्ने :**

(१) समितिले ऐनको दफा २७ बमोजिम कुनै सूचना गोप्य राख्नुपर्ने गरी वर्गीकरण गर्दा त्यसको कारण र आधार खुलाउनुपर्नेछ ।

(२) समितिले ऐनको दफा २७ बमोजिम सूचना वर्गीकरण गरेपछि त्यसको जानकारी आयोगलाई दिनुपर्नेछ ।

***२४घ आचारसंहिता बनाई लागू गर्न सक्ने :**

आयोगमा कार्यरत कर्मचारीहरूको पदीय आचारसंहिता बनाई आयोगले लागू गर्न सक्नेछ ।

**२५. निर्देशिका जारी गर्न सक्ने :**

(१) आयोगले आफ्नो काम-कारबाही सुचारूरूपले सञ्चालन गर्नको लागि आवश्यक निर्देशिका बनाई जारी गर्न सक्नेछ ।

*(१क) नेपाल सरकारले सूचनाको हकको प्रभावकारी कार्यान्वयन गर्नका लागि आयोगसँग परामर्श गरी आवश्यक निर्देशिका बनाई जारी गर्न सक्नेछ ।

*(२) उपनियम (१) वा (१क) बमोजिम जारी गरेको निर्देशिका सार्वजनिक रूपमा प्रकाशन गर्नुपर्नेछ ।

* दोस्रो संशोधनद्वारा थप गरिएको ।
* दोस्रो संशोधनद्वारा थप गरिएको ।

अनुसूची

(नियम ५ को उपनियम (१) सँग सम्बन्धित)

## श्री राष्ट्रिय सूचना आयोगमा दिएको

## पुनरावेदन

मार्फत्.....................................कार्यालय

...............................................................................पुनरावेदक

विरुद्ध

...............................................................................प्रत्यर्थी

विपक्षी

विषय :- .......................................

...............................................सार्वजनिक निकायको प्रमुख श्री .....................................ले मिति .................................... मा मलाई/हामीलाई ........................ विषयको सूचना दिन नमिल्ने गरी निर्णय गरेकोमा देहायको आधार र कारणबाट मलाई /हामीलाई सो निर्णयमा चित्त नबुझेको हुँदा ऐनको म्याद पैंतीस दिनभित्र यो पुनरावेदन गर्दछु/गर्दछौं ।

(क)

(ख)

(ग)

(घ)

माथि लेखिएको व्यहोरा ठीक साँचो हो, झूटा ठहरे कानुनबमोजिम सहूँला बुझाऊँला ।

**सलंग्न कागजात**

(क) सार्वजनिक निकायको प्रमुखले गरेको निर्णयको प्रतिलिपि ।

(ख)

(ग)

.....................

पुनरावेदकको सही

इति संवत्............साल.............महिना......गते रोज ........शुभम् ।



## राष्ट्रिय सूचना आयोगको

## पुनरावेदनको कारबाही र किनारा गर्ने कार्यविधि, २०७२

**१. संक्षिप्त नाम र प्रारम्भ**

१.१ यस कार्यविधिको नाम "पुनरावेदनको कारबाही र किनारा गर्ने कार्यविधि, २०७२" रहेको छ ।

१.२ यो कार्यविधि सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १०(५) र सूचनाको हकसम्बन्धी नियमावली, २०६४ को नियम ७(२) ले दिएको अधिकार प्रयोग गरी बनाइएको छ ।

१.३ यो कार्यविधि आयोगबाट पारित भई प्रमाणित भएको मितिदेखि लागू हुनेछ ।

१.४ यो कार्यविधि आगामी पाँच वर्षको लागि हुनेछ ।

**२. परिभाषा**

२.१ आयोग भन्नाले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ११ बेमोजिम गठित "राष्ट्रिय सूचना आयोग" लाई सम्झिनुपर्नेछ ।

२.२ "पुनरावेदन" भन्नाले दफा ९ को उपदफा (४) बमोजिम प्रमुखले गरेको निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले ३५ दिनभित्र आयोगसमक्ष दिएको पुनरावेदनलाई सम्झिंनुपर्छ ।

**३. पुनरावेदन दर्ता गर्ने प्रक्रिया**

३.१ ऐनको दफा १० को उपदफा (१) बमोजिम पुनराावेदन दिने व्यक्तिले अनुसूचीबमोजिम ढाँचा आयोगसमक्ष पुनरावेदन दिनुपर्छ ।

३.२ पुनरावेदन गर्दा सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा कुनै हुलाकमार्फत् पुनरावेदन गर्न सकिनेछ ।

३.३ कुनै व्यक्तिले सार्वजनिक निकाय वा जिल्ला प्रशासन कार्यालयमार्फत् पुनरावेदन दिए त्यस्तो कार्यालयले पुनरावेदन दिने व्यक्तिलाई बुझेको भर्पाइ दिई सो पुनरावेदन ३ (तीन) भित्र आयोगमा पठाइदिनुपर्नेछ ।

३.४ (३.३) बमोजिम प्राप्त भएको पुनरावेदन जाँचबुझ गर्दा ऐनको म्यादभित्र परेको दखिएमा सचिवले त्यस्तो पुनरावेदन दर्ता गर्नुपर्नेछ ।

३.५ (३.४) बमोजिम जाँचबुझ गर्दा प्राप्त पुनरावेदन ऐनको रीत पूरा नगरी आएको देखिएमा सचिवले सोही व्यहोरा जनाई पुनरावेदन दरपीठ गर्नुपर्नेछ ।

३.६ सचिवले पुनरावेदन दरपीठ गरेको चित्त नबुझेमा पुनरावेदकले त्यसविरुद्ध आयोगसमक्ष निवेदन गर्न सक्नेछ ।

३.७ आयोगले दरपीठ बदर गरेको मानसिव छैन भन्ने ठहर गरेमा पुनरावेदन दर्ताका लागि सचिवलाई आदेश दिन सक्नेछ । सचिवले उक्त पुनरावेदन दर्ता गरी कारवाही अगाडि बढाउनुपर्नेछ ।

३.८ पुनरावेदक आफै उपस्थित हुन नसकेमा आयोगको इमेल ठेगानामा इमेलद्वारा वा आयोगको Fax (फ्याक्स) नम्बरमा Fax (फ्याक्स) द्वारा पुनरावेदन आयोगमा प्राप्त भएपछि म्यादभित्र देखिएमा मात्र आयोगले दर्ता गर्नेछ ।

३.९ पुनरावेदनसँग संलग्न गर्नुपर्ने कागजात प्रमाणहरू

(क) नेपालको नागरिक देखिने सक्ने कुनै प्रमाण ।

(ख) कार्यालय प्रमुखसमक्ष उजुरी गरेको प्रमाणको प्रतिलिपि ।

(ग) हुलाकमार्फत् पुनरावेदन गरेमा हुलाकको छाप लागेको रसिद वा डकुमेन्ट ।

(घ) वारिस राखेकोमा सम्बन्धित व्यक्तिले सहीछाप गरेको वारिसनामा वा मञ्जुरीनामा कागज ।

## ४. पुनरावेदनमा खुलाउनुपर्ने कुराहरू

(क) पुनरावेदकको नाम, थर, वतन र सम्पर्क नम्बर ।

(ख) वारिस भए निजको नाम, थर, वतन र सम्पर्क नम्बर ।

(ग) विपक्षीको नाम, थर, वतन सम्भव भए सम्पर्क नम्बर ।

(घ) आफूले माग गरेको सूचनाको स्पष्ट विवरण ।



(ङ) सूचना रहेको सार्वजनिक निकायमा पुनरावेदक सूचना माग गर्न गएको स्पष्ट विवरण ।

(च) सुचना रहेको सार्वजनिक निकायको कुन पदाधिकारी वा शाखा-उपशाखा सूचना छ, सम्भव भए खुलाउने ।

## ५. पुनरावेदन प्राप्त भएपछिको प्रक्रिया

५.१ नियमानुसार प्रक्रिया पूरा गरी यस आयोगमा दर्ता भएका पुनरावेदनको सम्बन्धमा निम्नानुसार क्रमशः कारवाही गरिनेछ :-

(क) दर्ता भएको पुनरावेदन ६० दिनभित्र निर्णय हुनेछ ।

(ख) आयोगले पुनरावेदनको कारवाही र किनारा गर्दा पुनरावेदकको मागदाबी, सम्बन्धित प्रमुखको जवाफ तथा प्राप्त सबुद प्रमाणको मूल्यांकनका आधारमा गर्नेछ ।

(ग) पुनरावेदनको कारवाही र किनारा गर्दा आयोगले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफूसमक्ष उपस्थित गराई बयान गराउन, कुनै लिखत पेस गर्न गराउन सो सम्बन्धमा साक्षी प्रमाण बुझ्न वा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्न सक्नेछ ।

५.२ आयोगले पुनरावेदन हेर्न तथा भएगरेका निर्णयको कार्यान्वयन पक्ष आवश्यकताअनुसार आयोगको बैठक बस्नेछ ।

## ६. आयोगको पुनरावेदनसम्बन्धी निर्णय र आदेशसम्बन्धी कारबाही

६.१ पुनरावेदनसम्बन्धी आयोगले गरेका सबै निर्णयहरूको आयोगका आयुक्तहरूको हस्ताक्षर हुनेछ । त्यस्तो निर्णयको प्रमाणित आयोगको सचिवले गर्नेछ ।

६.२ आयोगबाट लिखित रूपमा निर्णय प्रमाणित भएको मितिलाई नै आयोगको निर्णय वा आदेश जारी भएको मिति मानिनेछ । त्यस्तो निर्णय कार्यालयलाई तुरुन्त उपलब्ध हुनेछ र प्राप्त निर्णय वा आदेश प्राप्त भएको मितिले ७ (सात) दिनभित्र कार्यान्वयनको लागि निर्णयको छाया प्रति संलग्न गरी सम्बन्धित पक्षलाई पत्राचारको कारबाही हुनेछ ।

६.३ आयोगबाट पुनरनवेदनसम्बन्धी भएका सबै आदेश एवं कार्यालयमा अभिलेखबद्ध गरी राखिनेछ ।

६.४ आयोगका निर्णय कार्यान्वयनका लागि पत्राचार गर्दा वा आयोगको आदेश पठाउँदा सामान्यत त्यस्तो आदेश वा निर्णय कार्यान्वयन गर्नुपर्ने समयसीमासमेत आयोगले तोकिदिनुपर्नेछ। त्यस्तो आदेश कार्यान्वयन गरेको जानकारी यस आयोगमा र सम्बन्धित निकायको तालुक निकायमा समेत तुरुन्त दिनुपर्नेछ ।

६.५ आयोगले दिएका आदेश वा निर्देशन तथा निर्णयहरू आयोगले तोकिदिएको समयसीमाभित्र कार्यान्वयनमा भएनभएको अनुगमन आयोगको कार्यालयले गर्नेछ। अनुगमनका लागि आयोगले टेलिफोन, फ्याक्स, इमेल वा प्रत्यक्ष अवलोकन जस्ता माध्यम अपनाउनेछ ।

**७. पुनरावेदन हेर्ने सम्बन्धमा आयोग र कार्यालयको समन्वय**

७.१ म्यादभित्र दर्ता भएको पुनरावेदन र सोसँग सम्बन्धित संलग्न प्रमाणहरूसहितको मिति कार्यालयद्वारा यथाशक्य छिटो आयोगसमक्ष पेस गर्नेछ ।

७.२ पुनरावेदनको जानकारी आयोगलाई भएपछि आयोगले त्यसमा संलग्न प्रमाणहरूको प्रारम्भिक अध्ययन गर्नेछ ।

७.३ थप प्रमाण र कारण बुझ्न आवश्यक देखेमा आयोगले आफूलाई पुनरावेदन प्राप्त भएको सम्बन्धित पक्ष वा विपक्षीलाई आवश्यक छलफल वा प्रमाण पेस गर्न आदेश जारी गर्न सक्नेछ ।

७.४ पुनरावेदनसम्बन्धी हरेक बैठकमा आयोग र कार्यालयका कम्तीमा १( एक) जना अधिकृत उपस्थिति हुनेछ। पुनरावेदनसम्बन्धी बसेको आयोगको बैठकले गरेको निर्णयको लिखित अधिकृतले आयोगमा पेस गर्नेछ र आयोगका आयुक्तहरूबाट निर्णयमा हस्ताक्षर भएपछि त्यस निर्णयको प्रमाणित आयोगको सचिवले गर्नेछ। आयोगबाट हुने पुनरावेदनसम्बन्धी निर्णयहरू कार्यालयले अभिलेखबद्ध गरी राख्नेछ ।



७.५ पुनरावेदनसम्बन्धी हरेक निवेदन र सो सम्बन्धमा आयोगबाट भएको कारबाहीसम्बन्धी विवरण आयोगले वार्षिक प्रतिवेदनमा प्रकाशन गरिनेछ ।

**८. विविध**

आयोगले आवश्यक देखेमा जुनसुकै बेला निर्णय गरी यो कार्यविधि पूरै वा आंशिक संशोधन वा खारेज गर्न सक्नेछ ।

**९. खारेजी र बचाउ**

९.१ राष्ट्रिय सूचना आयोगको पुनरावेदनको कारबाही र किनारा गर्नेसम्बन्धी कार्यविधि, २०६७ खारेज गरिएको छ ।

९.२ राष्ट्रिय सूचना आयोगको पुनरावेदनको कारबाही र किनारा गर्नेसम्बन्धी कार्यविधि, २०६७ बमोजिम भएगरेका सबै कार्यहरू यसै कार्यविधिबमोजिम भएको मानिनेछ। आयोगद्वारा प्रमाणित मिति २०७२ चैत १५ गते ।

## सरकारी निकायले स्वतः प्रकाशन
## (Pro-active Disclosure)
## गर्नुपर्ने विवरणसम्बन्धी निर्देशिका, २०७१

१. **संक्षिप्त नाम र प्रारम्भ**

क) यस निर्देशिका नाम "सरकारी निकायले स्वतः प्रकाशन (Pro-active Disclosure) गर्नुपर्ने विवरणसम्बन्धी निर्देशिका, २०७१" रहेको छ ।

ख) यो निर्देशिका सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम २५(१) बमोजिम तयार गरिएको छ ।

ग) यो निर्देशिका आयोगबाट पारित गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **मौलिक हक**

नेपालको संविधानको भाग ३ को धारा २७ को सूचनाको हकमा "प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयमा सूचना माग्ने र पाउने हक हुनेछ" भन्ने संवैधानिक व्यवस्था रहेको छ । यो नागरिकको मौलिक हक हो ।

३. **सूचनामा नागरिकको पहुँच**

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (२) मा "प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ" भन्ने व्यवस्था गरिएको छ । यसका लागि ऐनको दफा ११ को उपदफा (१) मा "सूचनाको हकको संरक्षण, संवर्द्धन र प्रचलन गर्ने कामका लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहने" व्यवस्था गरिएको छ ।

४. **सूचनाको अद्यावधिक र प्रकाशन**

क) सूचनाको हकसम्बन्धी ऐनको दफा ५ को उपदफा (१) मा "सार्वजनिक निकायले आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी राख्नुपर्ने" प्रावधान छ ।

ख) सोही ऐनको दफा ५ को उपदफा (२) मा सार्वजनिक निकायले सम्भव भएसम्म यो ऐन लागू हुनुभन्दा कम्तीमा बीस वर्ष अघिसम्मका आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गर्नुपर्ने" व्यवस्था छ ।



ग) सोही ऐनको दफा ५ को उपदफा (४) मा "सार्वजनिक निकायले उपदफा (३) बमोजिमको सूचना यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र र त्यसपछि प्रत्यक तीन महिनामा अद्यावधिक गरी प्रकाशन गर्नुपर्ने" प्रावधान छ । यसबमोजिम आर्थिक वर्षको हिसाबले प्रत्येक वर्षको साउन, भदौ र असोजलाई पहिलो त्रैमासिक, कात्तिक, मसिर र पुसलाई दोस्रो त्रैमासिक, माघ, फागुन र चैतलाई तेस्रो त्रैमासिक र वैशाख, जेठ र असारलाई चौथो त्रैमासिक सम्झी सूचना/विवरण सार्वजनिक गर्नुपर्नेछ । यसबाट नेपालभरिका सबै कार्यालयबाट सार्वजनीकरण गरिने सूचनाको समयमा एकरूपता आउनेछ ।

५. **स्वतः प्रकाशन गर्नुपर्ने सूचना**

क) सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) मा "सार्वजनिक निकायले सो निकायसँग सम्बन्धित देहायका सूचना सूचीकृत गरी प्रकाशन गर्नुपर्ने" कानुनी व्यवस्था गरेको छ :-

(१) निकायको स्वरूप र प्रकृति ।
(२) निकायको काम, कर्तव्य र अधिकार ।
(३) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण ।
(४) निकायबाट प्रदान गरिने सेवा ।
(५) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी ।
(६) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि ।
(७) निर्णय गर्ने प्रक्रिया र अधिकारी ।
(८) निर्णयउपर उजुरी सुन्ने अधिकारी ।
(९) सम्पादन गरेको कामको विवरण ।
(१०) सूचना अधिकारी र प्रमुखको नाम र पद ।
(११) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची ।
(१२) आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण ।
(१३) तोकिएबमोजिमका अन्य विवरण ।

ख) सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ मा "सार्वजनिक निकायले ऐनको दफा ५ को उपदफा (३) मा लेखिएको अतिरिक्त देहायका सूचनासमेत सूचीकृत गरी प्रकाशन गर्नुपर्ने" व्यवस्था गरेको छ :-

(१४) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण ।

(१५) सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण ।

(१६) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौतासम्बन्धी विवरण ।

(१७) सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन ।

(१८) सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि ।

(१९) सार्वजनिक निकायमा परेका सूचना मागसम्बन्धी निवेदन र सोउपर सूचना दिइएको विषय ।

(२०) सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण ।

**६. निकायको स्वरूप र प्रकृति**

क) नियमितरूपमा सूचना सार्वजनिक गर्ने प्रयोजनका लागि निकायको स्वरूप र प्रकृतिका विषयमा विस्तृत विवरण तयार गर्नुपर्नेछ । एकपटक तयार गरेको विवरणलाई अर्कोपटक आवश्यक परिमार्जन गरी पुनः प्रकाशन गर्न सकिन्छ ।

ख) निकायको स्वरूप र प्रकृतिभित्र तत् निकायको स्थापनाको बखतको ऐतिहासिक पृष्ठभूमि, समयानुकूल परिवर्तन हुँदै आएको नाम र केन्द्रीयस्तरको संगठनमा हेरफेर भएको विवरण समावेश गर्नुपर्छ ।

ग) निकायको स्वरूप र प्रकृतिको वर्णन गर्दा पाठक वा श्रोतामा कुतूहलता जागृत गर्ने गराउने ढंगको हुनुपर्छ ।



घ) यो शीर्षकअन्तर्गतको विवरणमा पाठक वा श्रोताको पहिलो अवलोकन हुने हुँदा यसलाई संगठनको चिनारीको ऐनास्वरूप तयार गर्नुपर्छ ।

**७. निकायको काम, कर्तव्य र अधिकार**

क) नेपाल सरकारका मन्त्रालयहरूको कार्य क्षेत्र नेपाल सरकारको कार्य विभाजन नियमावलीमा समावेश भएकोले सोही व्यहोरा निकायको काम, कर्तव्य र अधिकार समावेश गर्नुपर्छ ।

ख) सार्वजनिक निकाय र अन्य कानुनद्वारा गठित सरकारी निकायको हकमा संविधान र ऐनमा वर्णित निकायको काम, कर्तव्य र अधिकार उल्लेख गर्नुपर्छ ।

ग) नेपाल सरकारका विभाग, क्षेत्रीय कार्यालय, जिल्लास्तरीय र अन्य कार्यालयका हकमा तालुक निकायको काम, कर्तव्य र अधिकारको सान्दर्भिक बुँदाका साथै स्वीकृत संगठन तथा व्यवस्थापन प्रतिवेदनमा परेका निकायमा काम, कर्तव्य र अधिकार उल्लेख गर्नुपर्छ ।

घ) कुनै पनि सरकारी निकायलाई प्रचलित ऐन, नियम, कार्यविधि, निर्देशिका, मन्त्रिपरिषद्को निर्णय र तालुक निकायबाट सम्पादन गर्न अधिकार प्रत्यायोजन भएका निर्णयहरूलाई पनि निकायको काम, कर्तव्य र अधिकारका रूपमा समावेश गर्नुपर्छ ।

ङ) समष्टिमा निकायको काम, कर्तव्य र अधिकारभित्र तत् निकायले प्रचलित ऐन, नियमबमोजिम कार्य सम्पादन गर्न निर्दिष्ट गरेको र परम्परागत रूपमा गरिएका सबै कामलाई बुँदागत रूपमा कुनै पनि काम नछुटाई तयार गर्नुपर्छ ।

**८. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण**

क) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरणलाई शब्दका साथै चित्रले छिटै पाठकलाई निकायबारे जानकारी दिन सकिन्छ । यसर्थ नेपाल सरकारबाट स्वीकृत संगठन तालिका प्रस्तुत गर्नुपर्छ ।

ख) संगठन तालिकाअनुसार स्वीकृत दरबन्दीको तेरिज तयार गर्नुपर्छ । यसमा श्रेणी, सेवा, समूह खुलाउनुका साथै पदपूर्ति, रिक्त र काजको स्थिति देखाउनुपर्छ ।

ग) निकायमा रहने कर्मचारी संख्यालाई आवश्यकतानुसार वर्गीकरण गरी प्रस्तुत गर्नुपर्छ ।

घ) प्रत्येक पदले गर्ने कामको कार्य विवरण प्रस्तुत गर्नुपर्छ ।

**९. निकायबाट प्रदान गरिने सेवा**

क) सुशासनसम्बन्धी ऐन, २०६४ ले प्रत्येक सरकारी निकायले आफूले प्रदान गर्ने सेवाको नागरिक वडापत्र अनिवार्यरूपमा जारी गर्नुपर्ने व्यवस्था गरेको छ । यसर्थ निकायबाट प्रदान गरिने सेवा दर्शाउन नागरिक वडापत्र समावेश गर्नुपर्छ ।

ख) सुशासनसम्बन्धी ऐनले सबै सरकारी निकायले नागरिक वडापत्रमा समावेश भएका सेवामध्ये कुनकुन सेवामा क्षतिपूर्ति प्रदान गरिने र कुनकुन सेवामा त्यस्तो क्षतिपूर्ति प्रदान नगरिने हो, सोसमेत खुलाउनुपर्ने प्रावधान राखेकाले सोको विवरण पनि सार्वजनिक गर्नुपर्छ ।

ग) सामान्यतया निकायले प्रवाह गर्ने साना र ठूला सबै सेवाका किसिम छुट्याई तिनीहरूलाई सूचीकृत गरी प्रस्तुत गर्नुपर्छ ।

घ) आफूले सेवा प्रदान गर्ने तर सूचीमा समावेश नगर्ने गर्दा एकातिर सेवाग्राही जनतामा भ्रम उत्पन्न हुन्छ भने अर्कोतिर तत् निकायले आफूले सम्पादन गर्ने कामको प्रगति पनि प्रस्तुत गर्न नसक्ने हुन्छ । यसर्थ आफ्नो निकायबाट प्रदान गरिने सबै सेवाहरू नछुटाई सूचीकृत गरी सार्वजनिक गर्नुपर्छ ।

**१०. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी**

क) प्रत्येक सरकारी निकायको स्वीकृत संगठन तालिकाले महाशाखा, शाखा र उपशाखाको व्यवस्था गरेको हुन्छ । सोअनुरूपको काम र कर्मचारीको संख्या सार्वजनिक गर्नुपर्छ ।

ख) कुन शाखाको कामका लागि कोको कर्मचारीलाई जिम्मेवारी प्रदान गरिएको छ, सो विवरण पनि समावेश गर्नुपर्छ ।

ग) निकायको स्वरूप र प्रकृति तथा निकायको काम, कर्तव्य र अधिकारमा जसरी समष्टिमा निकायको तस्बिर झल्किने गरी व्यवस्था गरिन्छ, सोही ढाँचामा निकायको शाखा र जिम्मेवार कर्मचारीको झलक प्रस्तुत गर्नुपर्छ ।



**११. सेवा प्राप्त गर्न लाग्ने दस्तुर अवधि**

क) कुनै पनि सरकारी निकायले सेवा प्राप्त गर्दा लिन पाउने दस्तुर ऐन, नियम र मन्त्रिपरिषद्को निर्णयद्वारा निर्धारण गरिएको हुन्छ, सो सेवाग्राही जनताले बुझ्ने गरी किटानीका साथ सार्वजनिक गर्नुपर्छ । तोकिएबाहेकमा सेवा दस्तुर उठाउनु हुँदैन ।

ख) कुन सेवाका लागि कति दस्तुर बुझाउने र सो दस्तुर बुझाएपछि अधिकतम कति घन्टाभित्र वा कति दिनभित्र सो सेवा सेवाग्राहीले पाउने हो, सोको विवरण पनि सार्वजनिक गर्नुपर्ने व्यवस्था सुशासन ऐनमा गरिएको छ । त्यसको हुबहु हुने गरी सार्वजनिक गर्नुपर्छ ।

**१२. निर्णय गर्ने प्रक्रिया र अधिकार**

क) विशेषगरी आमजनतामा प्रवाह हुने सेवा र सुविधाको निर्णय गर्ने प्रक्रिया सार्वजनिक गर्नुपर्छ । यसमा कार्यप्रवाह तालिकाको माध्यमद्वारा कार्यचरणहरू प्रस्ट गर्न सकिन्छ ।

ख) केकति चरण र कार्यविधिद्वारा अन्तिम निर्णय हुन्छ र सो निर्णय गर्ने पदाधिकारीको हो भनी सार्वजनिक गर्नुपर्छ ।

ग) विभिन्न काममा लागि विभिन्न पदाधिकारीलाई अधिकार प्रत्यायोजन गरी निर्णय गर्ने अधिकार सुम्पिएको भए सोही व्यहोरा सार्वजनिक गर्नुपर्छ ।

**१३. निर्णयउपर उजुरी सुन्ने अधिकारी**

क) कुनै निर्णयउपर चित्त नबुझ्ने सरोकारवालाले उजुरी गर्ने पदाधिकारीको विवरण स्पष्टरूपमा सार्वजनिक गरिदिनुपर्छ ।

ख) यस्तो उजुरी परेपछि कति दिनभित्र सो उजुरीउपर कारबाही र किनारा हुन्छ भन्ने विवरण पनि सार्वजनिक गर्नुपर्छ ।

**१४. सम्पादन गरेको कामको विवरण**

क) प्रत्येक त्रैमासिक अवधिमा सम्पादन भएको कामको प्रगति विवरण एकीकरण गरी सार्वजनिक गर्नुपर्छ ।

ख) यस्तो विवरण सार्वजनिक गर्दा निकायको कार्यप्रगतिअनुसार कामलाई विभिन्न शीर्षकमा विभाजन गरी प्रस्तुत गर्नु बेस हुनेछ ।

ग) सम्भव भएसम्म यस्तो सम्पादित कामको प्रगति विवरण सार्वजनिक गर्दा लक्ष्य र प्रगतिको तुलनात्मक विवरण प्रस्तुत गर्नुपर्छ ।

### १५. सूचना अधिकारी र प्रमुखको नाम र पद

क) यसरी सार्वजनिक गरिने सूचनामा सूचना अधिकारीको नाम, पद, सम्पर्क नम्बर र फोटो प्रकाशित गर्नुपर्छ। साथै कार्यालय प्रमुखको नाम, पद, सम्पर्क नम्बर फोटोसहितको विवरण प्रकाशित गर्नुपर्छ।

ख) हाल सूचना अधिकारी नरहेको यसअघिका व्यक्तिको नाम र पद सार्वजनिक गर्न जरुरी छैन। तर सूचना अधिकारीको सहयोगी तोकिएको भए निजको नाम, पद, सम्पर्क नम्बर र फोटो सार्वजनिक गर्नुपर्छ।

### १६. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

क) आफ्नो निकायसँग सम्बन्धित ऐन, नियम, विनियम, कार्यविधि र निर्देशिकाको सूची सार्वजनिक गर्नुपर्छ।

ख) यसरी सार्वजनिक गरिने ऐन, नियम, विनियम वा निर्देशिकाको सूची प्रकाशित गर्दा अन्तिमपटकको संशोधन संख्यासमेत खुल्ने गरी विवरण सार्वजनिक गर्नुपर्छ।

ग) निर्देशिका वा कार्यविधिसरहका परिपत्र, आदेश, निर्देशन भए सोसमेत सार्वजनिक गर्नुपर्छ।

### १७. आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण

क) आफ्नो निकायको आम्दानीको विवरण सार्वजनिक गर्नुपर्छ। प्रत्यक्ष आम्दानी नहुने निकायले बजेट सार्वजनिक गर्नुपर्छ।

ख) आफ्नो निकायमा भएको खर्च अर्थात् प्राप्त बजेटको शीर्षकगत खर्च विवरण सार्वजनिक गर्नुपर्छ।

ग) अन्य आर्थिक कारोबारभित्र बेरुजुको स्थिति, सरकारी बाँकी असुलीको तथ्यांक, पेश्की फछ्र्यौटलगायतको विवरण सार्वजनिक गर्नुपर्छ।

### १८. तोकिएबमोजिमका अन्य विवरण

क) प्रचलित अन्य ऐन, कानुन, अर्थ मन्त्रालयको बजेट वक्तव्य, राष्ट्रिय योजना आयोगको मार्गनिर्देशनलगायतबाट निर्देशित विषयहरू सार्वजनिक गर्नुपर्छ।



ख) सरकारी बजेटबाट निर्माण हुने स्थलमा होर्डिङ बोर्ड राख्नुपर्छ। आफ्नो कार्यक्रम सम्पन्न भएपछि सोको प्रतिवेदन निर्माण गरी सार्वजनिक गर्नुपर्छ।

### १९. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण

क) अघिल्लो आर्थिक वर्षमा सञ्चालित आयोजनाहरूको लक्ष्य र प्रगति सार्वजनिक गर्नुपर्छ।

ख) बहुवर्षीय आयोजनाको कार्य प्रगति सार्वजनिक गर्नुपर्छ।

ग) सालबसाली निरन्तर सञ्चालन गर्नुपर्ने कार्यक्रम भए सोहीअनुसारको विवरण सार्वजनिक गर्नुपर्छ।

घ) अधुरो, अपूरो आयोजना भए सोको विवरण पनि सार्वजनिक गर्नुपर्छ।

### २०. सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण

क) सरकारी निकायले सूचना सार्वजनिक गर्दा आफ्नो वेबसाइटका बारेमा पनि जानकारी सार्वजनिक गर्नुपर्छ।

ख) आफ्नो निकायमातहत रहेको वेबसाइटको पनि जानकारी दिनुपर्छ।

ग) आफ्नो वेबसाइटबाट लिंक लिएका वेबसाइटका बारेमा पनि विवरण सार्वजनिक गर्नुपर्छ।

### २१. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौतासम्बन्धी विवरण

क) सरकारी निकायले आफ्नो नियमित विवरण सार्वजनिक गर्दा प्राप्त वैदेशिक सहायता, ऋण, अनुदान र प्राविधिक सहयोगको विवरण र त्यसबाट लाभान्वित जनसंख्या र स्थानका बारेमा सार्वजनिक जानकारी दिनुपर्छ।

ख) सरकारी निकायले कुनै वैदेशिक सहायताका लागि गरेको सन्धि-सम्झौताको विवरण सार्वजनिक गर्नुपर्छ।

### २२. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन

क) सरकारी निकायबाट सञ्चालित कार्यक्रमको सूची अद्यावधिक गरी सार्वजनिक गर्नुपर्छ।

ख) प्रत्येक कार्यक्रमको मासिक वा त्रैमासिक वा वार्षिक कार्यक्रम सार्वजनिक गर्नुपर्छ।

ग) आफ्नो निकायमातहत सञ्चालित कार्यक्रमको प्रगति विवरण मापनयोग्य र विश्लेषणयोग्य ढंगले तयार गरी सार्वजनिक गर्नुपर्छ।

**२३. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि**

क) सूचनाको हकसम्बन्धी ऐनले विभिन्न पाँच प्रकारका सूचना प्रवाहमा रोक लगाएको छ। तर ती सूचना कतिकति अवधिसम्म सुरक्षित अर्थात् गोप्य रहने हुन्, तिनको वर्गीकरण गर्नुपर्ने कानुनी प्रावधान छ। सोबमोजिम वर्गीकरण गरिएको सूचनाको समयावधि सार्वजनिक गर्नुपर्छ।

ख) ऐनले सूचना प्रवाहमा रोक लगाएबाहेकका सूचनाहरू वर्गीकरणको दायरामा नपर्ने हुँदा अन्य सूचनालाई वर्गीकरण गर्न मिल्दैन। यसर्थ कानुनबमोजिम वर्गीकरण भएका सूचना बढीमा ३० वर्षसम्म संरक्षण गर्ने गरी भएको निर्णय सार्वजनिक गर्नुपर्छ।

**२४. सार्वजनिक निकायमा परेका सूचना मागसम्बन्धी निवेदन र सोउपर सूचना दिइएको विषय**

क) आफ्नो निकाय र मातहत कार्यालयहरूमा सूचना मागका लागि परेका निवेदनको छुट्टै अभिलेख राख्नुपर्छ।

ख) यसरी सूचना मागका लागि परेका निवेदनमध्ये कतिवटामा सूचना प्रवाह गरियो र कतिवटामा सूचना दिन इन्कार गरियो, यसको विवरण सार्वजनिक गर्नुपर्छ।

ग) राष्ट्रिय सूचना आयोगमा निवेदन, उजुरी र पुनरावेदन परी आफ्नो निकायबाट सूचना दिनुपर्ने गरी आदेश भएकोमा केकसो भयो, सोसमेतको विवरण सार्वजनिक गर्नुपर्छ।

**२५. सार्वजनिक निकायमा सूचनाहरू अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरण**

क) आफ्नो निकायसँग सम्बधित वार्षिक प्रतिवेदन, बुलेटिन, प्रचार सामग्रीलगायत जेजति प्रकाशन भएका छन्, तिनको सूची सार्वजनिक गर्नुपर्छ।

ख) सम्भव भएसम्म आफ्नो निकाय स्थापना भएदेखिका प्रकाशनको बारेमा संक्षिप्त जानकारीसहितको विवरण सार्वजनिक गर्नुपर्छ।



**२६. थप सूचना सार्वजनिक गर्न बाधा नपर्ने**

क) माथि ऐन र नियमावलीले सूचना सार्वजनिक गर्न निर्दिष्ट गरेको शीर्षक र तिनको सामान्य व्याख्या मात्र गरिएको छ। माथिका प्रकरणहरूमा लेखिएबाहेक सिर्जनशील भई थप सूचना प्रकाशन गर्नु सबै सार्वजनिक निकायको कर्तव्य हो। यसमा उल्लेख भएबाहेकका सूचना प्रकाशित गर्नुनपर्ने हो वा सार्वजनिक गर्नुपर्छ कि पर्दैन भन्ने द्विविधामा पर्नु हुँदैन। सम्भव भएसम्मका आफ्ना निकाय सम्बद्ध अधिक सूचना सार्वजनिक गर्ने हो।

ख) यसरी तीन/तीन महिनामा सूचना सार्वजनिक गर्दा आफूसरहका निकायले कसरी सूचना सार्वजनिक गरेका छन्, त्यसको पनि पारख गरी सूचना प्रवाहमा आफ्नो निकाय अरूका लागि अनुकरणीय हुने गरी सूचना प्रवाह गर्ने ध्येय राखी काम गर्नुपर्छ।

**२७. सूचना प्रवाह गर्नु अनिवार्य दायित्व**

क) प्रत्येक सार्वजनिक निकाय, त्यसमा पनि सरकारी कार्यालयहरूको प्रत्येक तीन/तीन महिनामा माथि निर्दिष्ट गरिएका २० वटा शीर्षकका विस्तृत सूचना प्रवाह गर्नु तिनको अनिवार्य दायित्व हो।

ख) कुनै पनि सरकारी कार्यालयलाई नियमितरूपमा सूचना सार्वजनिक गरे पनि हुने नगरे पनि हुने छनौटको सुविधा छैन। कानुनले निर्धारण गरेका सूचना अनिवार्यरूपमा सार्वजनिक गर्नुपर्छ।

ग) सूचना सार्वजनिक नगर्ने सार्वजनिक निकाय आफ्नो कर्तव्यबाट च्युत भएको ठहरिन्छ। यस्ता निकायलाई राष्ट्रिय सूचना आयोगले सूचना प्रवाहका लागि आदेश दिन सक्नेछ। आयोगले आदेशको पालना नगर्ने सूचना अधिकारी वा प्रमुखलाई आयोगले कानुनबमोजिम दण्डित गर्न सक्छ।

घ) सार्वजनिक जिम्मेवारीमा रहेकाले दण्डको भयले होइन, कानुनले निर्धारण गरेको कर्तव्य सम्झिएर नियमितरूपमा जनताको सूचनाको मौलिक हक प्रचलनका खातिर आफ्नो निकायसँग सम्बन्धित सूचना सार्वजनिक गर्नुपर्छ। यस्तो सूचना सार्वजनिक गर्ने ढाँचा अनुसूची-१ मा रहेको छ।

## अनुसूची – १

## सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को दफा (३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

सूचना सार्वजनिक गर्ने निकायको नाम :- ... ... ... ...... ... ... ... ... ...

सूचना सार्वजनिक गरेको अवधि :- ... ... ... ... ... ... ... ... ... ... ...

१. निकायको स्वरूप र प्रकृति

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

(ऐतिहासिक पृष्ठभूमिसहितको विवरण राख्ने)

२. निकायको काम, कर्तव्य र अधिकार

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

(नेपाल सरकारको कार्य विभाजन नियमावली, प्रचलित ऐन र संगठन तालिका पारित हुँदा सुम्पिएका जिम्मेवारी राख्ने)

३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

(सबै प्रकारका दरबन्दीको विवरण र कार्य विभाजन राख्ने)

४. निकायबाट प्रदान गरिने सेवा

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

(सेवाको किसिम खुल्ने सूची, नागरिक वडापत्र राख्ने

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

(संगठन तालिकाबमोजिमका शाखा र जिम्मेवारी राख्ने)

६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि

.............................................................................................

(सेवाको किसिमअनुसारको दस्तुर र समयावधि राख्ने)

७. निर्णय गर्ने प्रक्रिया र अधिकार

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

(कार्यचरण/कार्य प्रवाह तालिका र निर्णयकर्ताको सूची राख्ने)



८. निर्णयउपर उजुरी सुन्ने अधिकारी

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

(उजुरी/पुनरावेदनको प्रक्रिया र पदाधिकारी खुलाउने)

९. सम्पादन गरेको कामको विवरण

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

(अपेक्षित काम र परिमाण राख्ने)

१०. सूचना अधिकारी र प्रमुखको नाम र पद

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

(नाम, पद, सम्पर्क नम्बर र फोटो राख्ने)

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

(सम्बद्ध ऐन कानुनको सूची राख्ने)

१२. आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

(आम्दानी र खर्च राख्ने)

१३. तोकिएबमोजिमका अन्य विवरण

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

(माथिको प्रकरणमा नपरेका सूचना राख्ने)

१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

(सम्पादित काम राख्ने)

१५. सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

(वेबसाइटसम्बन्धी विवरण राख्ने)

१६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौतासम्बन्धी विवरण

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

(दाता र कार्यक्रमअनुसारको विवरण राख्ने)

१७. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

(प्रगति प्रतिवेदन राख्ने)

१८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

(सूचना वर्गीकरण राख्ने)

१९. सार्वजनिक निकायमा परेका सूचना मागसम्बन्धी निवेदन र सोउपर सूचना दिएको विवरण

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

(सूचना मागको निवेदन र प्रगति राख्ने)

२०. सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

(प्रकाशनको सूची राख्ने)

**नोट :-**

१. यो ढाँचा एकपटक कम्प्युटरमा सेट गरेपछि प्रत्येक ३/३ महिनामा सोही ढाँचामा रही काम गर्न सकिनेछ ।

२. तीन/तीन महिनामा परिवर्तन भएका सूचना र तथ्यांक परिमार्जन गरी सार्वजनिक गर्नुपर्छ ।

३. प्रत्येक तीन महिना व्यतीत भएको १५ दिनभित्र यो विवरण सार्वजनिक गरी सोको एक प्रति विवरणसहित राष्ट्रिय सूचना आयोगलाई जानकारी दिनुपर्छ ।

४. यस्तो तीन/तीन महिनाको गणना आर्थिक वर्षका आधारमा गर्नुपर्छ, जसअनुसार साउन-असोज पहिलो त्रैमासिक, कात्तिक-पुस दोस्रो त्रैमासिक, माघ-चैत तेस्रो त्रैमासिक र वैशाख-असार चौथो त्रैमासिक हुनेछ ।